छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

हार्दिक शुभकामना
१८ औं गणतन्त्र दिवसका अवसरमा गणतन्त्रका लागि शहादत दिने योद्धालाई श्रद्धा सुमनका साथै सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
परिवार जनकपुरधाम

वर्ष २७ •अंक ९ •२०८२ साल जेठ १५ गते विहीबार (29 May, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आज बजेट ल्याउँदै

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सरकारले संसद्मा गतिरोधको प्रयास भए पनि आर्थिक वर्ष ०८२/०८३ को बजेट ल्याउने भएको छ ।

संवैधानिक व्यवस्थामा बाँधिएका कारण पनि जेठ १५ गते राष्ट्रिय सभा र प्रतिनिधि सभाको संयुक्त बैठकमा जसरी पनि बजेट ल्याउने जनाएको छ ।

नेपालको संविधानअनुसार जेठ १५ गते अर्थमन्त्रीले संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा बजेट पेस गर्ने व्यवस्था छ। यस्तोमा सरकारले चाहेर पनि मिति परिवर्तन गर्न सक्दैन ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संसद्मा 'आर्थिक सर्वेक्षण' पेश गर्ने कार्यतालिका रहे पनि विपक्षीको अवरोधले गर्दा पाएनन्। संसद्मा पेस गर्नैपर्ने भएका कारण मंगलबार आर्थिक सर्वेक्षण नै सार्वजनिक हुन सकेन ।

अर्थ मन्त्रालयका सहसचिव श्यामप्रसाद भण्डारीले आर्थिक सर्वेक्षण संसद्मै पेश गर्नुपर्ने व्यवस्था रहेको र पेस भएपछि मात्रै सार्वजनिक हुने बताए ।

विपक्षी दलहरू नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले प्रतिनिधि सभाको बैठक अवरुद्ध पारेपछि मंगलबार कार्यतालिकाअनुसार संसद् बैठक नै चल्न पाएन ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै विपक्षी दलका सांसदहरूले उठेर विरोध गरेपछि बैठक सुरु भएको २० मिनेटमै बन्द भएको थियो ।

बजेट आउनु दुई दिनअघि विपक्षी दलहरूले 'गृहमन्त्रीले राजीनामा नदिएसम्म संसद् चल्न नदिने' अडान कायमै राखेका छन् ।

पूर्वअर्थमन्त्री समेत रहेका नेकपा माओवादी केन्द्रका सांसद वर्षमान पुनले गृहमन्त्रीले राजीनामा नदिएसम्म संसद चल्न नदिने बताए ।

माओवादीकै प्रमुख सचेतक हितराज पाण्डेले पनि गृहमन्त्रीले राजीनामा नदिएसम्म संसद् अवरोध रहने बताए ।

माओवादीका अर्का एक सांसदका अनुसार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गृहमन्त्रीले राजीनामा नदिए जेठ १५ गते कडा रूपमा प्रस्तुत हुने गरी तयार रहन निर्देशन दिएका छन् ।

# पूर्वमन्त्री आलमलाई उच्च अदालतबाट सफाइ

- ३ दिन लगातार बहस
- साढे ५ वर्षपछि सफाइ
- नख्खु जेलबाट रिहा

**टुडे समाचारदाता**

गौर । बम विस्फोटमा घाइते भएकाहरुलाई जिउँदै जलाएको अभियोगमा जेल सजाय भोगिरहेका पूर्व मन्त्री एवं नेपाली कांग्रेसका नेता मो. अफताल आलम उच्च अदालतबाट बुधबार सफाइ पाएका छन् ।

उच्च अदालत जनकपुरधामको वीरगञ्ज इजलासले आलमलाई सफाई दिएको छ। आलमलाई २०७६ साल असोज १९ गते प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

पहिलो संविधान सभाको निर्वाचनको अघिल्लो राति २०६४ साल चैत २७ गते रौतहट जिल्लाको राजपुरस्थित इँटा भट्टामा बम विष्फोटमा घाइते भएका जिवित मानिसहरुलाई पोलेर हत्या गरेको अभियोगमा रौतटह जिल्ला अदालतले उनलाई दोषी ठहर गरेका थिए। घटनाको १२ वर्षपछि रौतहट प्रहरीले आलमलाई २०७६ सालको असोज १९ गते पक्राउ गरेको थियो ।

रौतहट जिल्ला अदालतले उनलाई दोषी ठहर गर्दै जन्मकैदको फैसला गरेको थियो ।त्यो फैसलालाई उच्च अदालतको वीरगञ्ज इजलासले उल्टाइ दिएको छ ।

संविधान सभाका लागि उम्मेदवार समेत रहेका आलम चुनावमा धाँधली गर्नका लागि आफना काका शेख इन्द्रिसको घरमा बम बनाउन लगाएका थिए ।सो क्रममा बम बिष्फोट भएको थियो । सो बिष्फोटमा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइतेहरूलाई जिउँदै इँटाभट्टामा जलाएर हत्या गरेको आलममाथि अभियोग थियो ।



आलमले नै बनाउन लगाएको बम बिस्फोटमा परेर घाइते भएकाहरूलाई घटना सार्वजनिक हुने भन्दै जिउँदै इँटाभट्टामा जलाएर हत्या गरिएको अनुसन्धानबाट देखिएको प्रहरीको जाहेरीमा उल्लेख थियो। त्यतिबेला प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का बनाएको थियो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएका थिए ।

प्रत्यक्षदर्शीहरुका अनुसार, त्यसक्रममा केही घाइतेहरु आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीहरुसँग मिलेर नजिकको इँटाभट्टाको आगोमा हाली जलाएको प्रत्यक्षदर्शीको बयान थियो ।

घटनापछि प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का बनाएको थियो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र तत्कालिन पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएका थिए । २०६५ को असार ३० गतेमा तत्कालिन महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडेले मुद्दा नचल्ने निर्णय गरे । उनको निर्णयमा भनिएको थियो, 'मारिएका भनिएका व्यक्तिहरुको मृत्यु भएको भन्ने यकिन हुन नसकेको साथै उनीहरुको मृत्यु कर्तव्यबाट हुन गएको भन्ने पुष्टि हुन सकेको नदेखिएको ।'

तर घटना भएको १२ वर्षपछि सत्तामा रहेका रौतहटका तत्कालिन माओवादी नेता प्रभु साहले सरकारमाथि दबाब बनाएर आलमविरुद्ध मुद्दा चलाउन प्रहरीलाई बाध्य बनाएका थिए । आलम समेत अन्य अभियुक्तहरुलाईपनि प्रहरीले मुद्दा चलाएर जेल पठाएका थिए ।

किटानी जाहेरी, घटनास्थलको प्रकृति मुचुल्का, तत्काल मौकामा बुझिएका शेख सराजुल मियाँ र ओहिद मियाँको कागज, मानव अधिकार आयोग लगायतका निकायहरुको प्रतिवेदनका आधारमा विस्फोटको घटना सार्वजनिक हुने डरले बम बिस्फोटका घाइतेलाई इँटाभट्टामा जलाई हत्या गरेको घटना पुष्टि हुने विवरणहरु थियो । आलममाथि राज्यको सुरक्षा बलको सहयोग लिई शव बेपत्ता पारेको भन्ने आरोप समेत थियो ।

आलम विरुद्धको जाहेरी लामो समयसम्म कारबाही नभइ त्यत्तिकै रहेको थियो । पीडितहरुले अनुसन्धान अघि बढाउन माग राखी सर्वोच्च अदालतमा निवेदन दिए । न्यायाधीशद्वय सुशीला कार्की र डा. भरतबहादुर कार्कीको इजलासले केही न केही प्रमाण भेटिएको अवस्थामा महान्यायाधिवक्ताले स्वेच्छाचारी निर्णय गर्न नहुने फैसला गरेका थिए ।

फैसलामा भनिएको थियो, 'पीडित आफैं घटनाको व्यहोरा सहित प्रहरीमा किटानी उजुर गर्दा समेत प्रहरी र सरकारी वकिलले मुद्दा हेर्ने अदालतमा मुद्दा नचलाउदा त्यो अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट बञ्चित हुन पुग्छ ।'

रौतहट क्षेत्र नं. २ का तत्कालीन सांसदसमेत रहेका आलम २०७६ साल असोज १९ गते पक्राउ परेका थिए । उनी र उनका भाई महताबसहित विरुद्ध घाइतेलाई नजिकैको इँट्टाभट्टामा जिउँदै जलाएर हत्या गरिएको आरोप थियो । उनीहरुविरुद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र बम विस्फोट सम्बन्धी कसुर गरी तीन वटा मुद्दा दायर गरिएको थियो ।

थुनछेक बहसपछि जिल्ला अदालत रौतहटले २०७६ साल कात्तिक २९ गतेमा आलमलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।







# राष्ट्रियसभाको बैठक चलिरहँदा दर्शकदीर्घामा प्रतिनिधिसभाका सांसद पुगेपछि ....



काठमाण्डु । 'भिजिट भिषा' प्रकरणलाई लिएर प्रमुख प्रतिपक्षीलगायत विपक्षी दलले गृहमन्त्रीको राजीनामा माग्दै प्रतिनिधिसभाको बैठकमा विरोध जनाए ।

बिहान ११:०० बजेका लागि बोलाइएको बैठक झण्डै दुई घण्टा ढिला गरी सुरू भयो । सभामुख देवराज घिमिरेले बैठक सुरू गर्नु भएलगत्तै विपक्षी दलले पुनः विरोध जनाए ।

बैठक नियमित कार्यसूचीमा प्रवेश नगरी आधा घण्टाका लागि स्थगित भयो । बैठक स्थगन भएपछि सांसदहरूले फुर्सद पाउनुभयो । केही सांसद सञ्चारकर्मीलाई प्रतिक्रिया दिन थाल्नुभयो भने कोही आपसमा छलफल गर्न थाल्नुभयो ।कोही सांसद चमेनागृहमा चिया पिउन जानुभयो भने केही नियमित काम भन्दै सिंहदरबारतर्फ लाग्नुभयो । प्रतिनिधिसभाको बैठक अवरोधपछि स्थगित भएसँगै प्रतिनिधिसभाका केही सांसद भने राष्ट्रियसभाको बैठक अवलोकन गर्न छिर्नुभयो ।

राष्ट्रियसभाको बैठक अपराह्न १:१५ बजे नै सुरू भएको थियो । तल्लो सदनमा अवरोध भए पनि माथिल्लो सदन नियमित चल्यो । फुर्सदको सदुपयोग गर्दै प्रतिनिधिसभाका केही सदस्यहरू माथिल्लो सदनमा उपस्थित भएको दृश्य प्रत्यक्ष प्रसारणमा पनि देखियो ।प्रतिनिधिसभा सदस्यहरू राष्ट्रियसभाको नियमित बैठक कक्षमा नभई दर्शकदीर्घामा उपस्थित हुनुभएको थियो । प्रतिनिधिसभा सदस्यहरू राष्ट्रियसभाको दर्शकदीर्घामा उपस्थित भई त्यहाँको काम कारबाहीको प्रत्यक्ष अवलोकन गर्नुभएको हो ।

राष्ट्रियसभाको बैठक चलिरहँदा सांसदहरू सुहाङ नेम्वाङ, राजेन्द्रकुमार राई, प्रभु हजारा र सराज अहमद फारूकीको दर्शकदीर्घामा उपस्थित थियो । यो दृश्य देखेपछि राससले सांसद नेम्वाङलाई सोध्यो - राष्ट्रियसभामा तपाईहरू किन जानुभएको ? उहाँले संक्षिप्त जवाफ दिँदै भन्नुभयो, "माथिल्लो सदनमा के कसो हुँदो रहेछ भनेर जानकारी लिन गएका हौँ ।" उहाँले माथिल्लो सदनको नियमित काम कारबाही र गतिविधिका बारेमा जानकारी लिने उद्देश्यका साथ गएको प्रतिक्रिया दिनुभयो ।

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभा छन् । राष्ट्रियसभा स्थायी सदन हो भने प्रतिनिधिसभाको कार्यकाल भने पाँच वर्षको रहन्छ । संविधानतः दुवै सदन एक अर्काका परिपूरक पनि हुन् । सरकारको नीति तथा कार्यक्रम र बजेट भने संयुक्त सदनमा प्रस्तुत हुन्छ ।

यस्तै, अर्का सांसद सराज अहमद फारूकीले पनि नियमित काम कारबाहीको बारेमा जानकारी लिने उद्देश्यले राष्ट्रियसभामा गएको बताउनुभयो । "हामीले धेरै पहिलेदेखि नै माथिल्लो सदनको काम कारबाहीको बारेमा जानकारी लिने इच्छा राखेका थियौँ । त्यो आज पूरा भयो", उहाँले भन्नुभयो । फुर्सदको समयलाई सदुपयोग गरेर दर्शकदीर्घामा नै बसेर राष्ट्रियसभाको बैठकका बारेमा जानकारी लिएको उहाँले जानकारी दिनुभयो । उहाँले राष्ट्रियसभाको बैठक र सञ्चालन तरिका भने प्रतिनिधिसभाको जस्तै भए पनि रमाइलो लागेको बताउनुभयो ।

प्रतिनिधिसभाका चार जना सांसद दर्शकका रूपमा उपस्थित हुँदा राष्ट्रियसभा सदस्य गोपीबहादुर सार्की अछामीले आफ्नो धारणा राख्दै हुनुहुन्थ्यो ।

सांसद फारूकीले आफूहरू केही समय राष्ट्रियसभा बैठकको प्रत्यक्ष जानकारी लिई बाहिरिएको बताउनुभयो ।प्रतिनिधिसभा र राष्ट्रियसभाको काम कारबाही नियमित र उस्तै रहने गर्छ । यद्यपि बहस छलफलका हिसाबले तल्लो सदनभन्दा माथिल्लो सदन थप व्यवस्थित मानिन्छ ।रासस

> उहाँले राष्ट्रियसभाको बैठक र सञ्चालन तरिका भने प्रतिनिधिसभाको जस्तै भए पनि रमाइलो लागेको बताउनुभयो ।

# राष्ट्रियसभा बैठक :
# नागरिक आकांक्षा पूरा गर्नेगरी आगामी बजेट आउनुपर्ने माग

काठमाण्डु । विकास र समृद्धिका आकांक्षा पूरा गर्नेगरी आगामी आर्थिक वर्षको बजेट ल्याइनुपर्ने धारणा सांसदहरूले राखेका छन् ।



राष्ट्रियसभा बैठकको विशेष समयमा बोल्नेक्रममा सांसदहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सुदृढ बनाउनका लागि विभिन्न ऐन नियमको निर्माण तथा त्यसको प्रभावकारी कार्यान्वयनसँगै नागरिकका मौलिक हकअधिकारको प्रत्याभूति र सहज सेवा प्रवाहमा जोड दिनुपर्ने बताउनुभयो । त्यस्तै, भिजिट भिसा प्रकरणको निष्पक्ष छानबिनको माग पनि सांसदहरूले गर्नुभएको छ ।

राष्ट्रियसभाको बुधबारको बैठकमा विशेष समयमा भाग लिँदै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद झक्कुप्रसाद सुवेदीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयबाट भिजिट भिसामा भएको भ्रष्टाचार प्रकरणमा गृहमन्त्रीको सचिवालयको जोडिएको भन्ने विषयमा छानबिनको माग गर्नुभयो । मिलेमतोमा मानव तस्करी भएको र सो घटनासँग जोडिएको भनेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कार्यालय प्रमुख तीर्थराज भट्टराईलाई गिरफ्तार गर्नु एक दिन अघिमात्र गृह मन्त्रालयले सरुवा गर्नुले पनि शङ्का बढेको सुवेदीको भनाइ छ । यो प्रकरणमा कार्यालयका कर्मचारी मात्र नभई हवाई सेवा प्रदायक कम्पनीका कर्मचारी, म्यानपावर व्यवसायी, ट्राभल एजेन्सीलगायत जोडिएको विषयमा गम्भीर छानबिनको माग सांसद सुवेदीले गर्नुभयो ।

नेपाली कांग्रेसका सांसद कमलादेवी पन्तले गणतन्त्र स्थापनाको लामो समय बितिसक्दा पनि जनताका आशा र आकांक्षा पूरा हुन नसकेको बताउनुभयो । स्थानीय तहलाई बलियो बनाउन सक्यो भने मात्र गणतन्त्र बलियो हुने धारणा उहाँले राख्नुभयो । विद्यमान संविधान र शासकीय व्यवस्थाले प्रत्याभूत गरेको समावेशी र समानुपातिक प्रतिनिधित्वको अनुभूति नागरिकमा हुनुपर्ने सांसद पन्तको भनाइ छ । त्यस्तै, नेपालको जनसङ्ख्याको ठूलो हिस्सा कृषि पेसामा रहेको भए पनि यस क्षेत्रलाई प्राथमिकतामा राख्न नसकिएको उहाँले बताउनुभयो । किसानलक्षित कार्यक्रमलाई प्रवर्द्धन पर्याप्त बजेटको माग पनि उहाँले गर्नुभयो । मुलुकभित्र रोजगारी सिर्जना गर्ने र युवा विदेशिने क्रम रोक्नका लागि पहल गरिनुपर्ने पनि उहाँको भनाइ छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद राजेन्द्रलक्ष्मी गैरेले जेठ १५ गते गणतन्त्र दिवस मनाइरहँदा जनताले के अनुभूत गरिरहेका छन् भनेर बुझ्न अति आवश्यक रहेको बताउनुभयो । त्यस्तै उहाँले गणतन्त्रलाई संस्थागत गर्न कानुन निर्माण र कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । आगामी आर्थिकवर्षकोबजेटल्याउँदामहिला, पिछडिएको क्षेत्र, विपन्नलगायत क्षेत्रलाई केन्द्रमा राखिनुपर्ने उहाँको धारणा छ । जनप्रतिनिधिसँगको समन्वय तथा सहकार्यमा बजेट बन्नुपर्नेमा त्यसो हुन नसकेको सांसद गैरेको भनाइ छ ।

जनता समाजवादी पार्टी नेपालका सांसद मृगेन्द्रकुमार सिंह यादवले सरकारका कामले जनता आक्रोशित र निराश रहेको बताउनुभयो । राजनीतिज्ञहरूले आफ्नो बानी, व्यहोरा र कार्यशैलीमा परिवर्तन नगर्ने हो भने नागरिकमा व्यवस्थाप्रति नै थप निराशा जाग्ने उहाँको भनाइ छ । सङ्घीयतालाई सबल र प्रभावकारी बनाउन आवश्यक पर्ने कानुन हालसम्म किन निर्माण हुन सकेनन् भने उहाँले सदनमा प्रश्न उठाउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद शेखरकुमार सिंहले नेपालको ठूलो जनसङ्ख्या कृषि पेसामा आबद्ध रहे पनि यसबाट उल्लेखित लाभ लिन नसकिएको बताउनुभयो । विदेशबाट सस्तोमा चिनी आयात हुँदा स्वदेशी चिनी बिक्री हुन नसकेको र किसानले आफ्नो उत्पादनको भुक्तानी पाउन नसकेको विषय पनि उहाँले संसद्मा उठाउनुभयो । त्यस्तै, निलगाई, हात्ती, बादर, बँदेलजस्ता जनावरको आतङ्कले किसान समस्यामा रहेको सांसद सिंहले बताउनुभयो । धान रोप्ने बेला किसानले मल अभावको समस्या भोग्नुपरेको पनि उहाँको भनाइ छ ।

नेपाली कांग्रेसका सांसद विष्णुकुमारी सापकोटाले गणतन्त्र दिवसका अवसरमा राष्ट्रिय एकताको सन्देश दिनुपर्ने बताउनुभयो । यहि बिहीबार सार्वजनिक हुने आगामी आर्थिक वर्षको बजेटले सबैलाई समेट्नसक्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

त्यस्तै, ऐन कानुन कार्यान्वयन निर्माण र विकास पूर्वाधार विकासमा उल्लेख्य प्रगति देखिए पनि नागरिकहरु खुसी हुन नसकेको सांसद सापकोटाको भनाइ छ । सेवा प्रवाह सहज बनाउने, आन्तरिक रोजगारी सिर्जना गरी विदेश जानुपर्ने अवस्थाको अन्त्य गरिनुपर्ने, आधारभूत स्वास्थ्य तथा शिक्षामा सबैको पहुँच पुऱ्याउनेजस्ता काम गर्न सके नागरिकका आकांक्षा पनि पूर्ति हुने उहाँको भनाइ छ । शिक्षा ऐन, निजामती सेवा ऐन, वन ऐन, सार्वजनिक खरिद ऐनजस्ता कानुन चाँडो संशोधन गरिनुपर्ने माग पनि सांसद सापकोटाले राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रका सांसद श्रीकृष्णप्रसाद अधिकारीले नक्कली भुटानी शरणार्थी प्रकरण सेलाउन नपाउँदै अहिले फेरि भिजिट भिसाको आवरणमा मानव बेचबिखन र भ्रष्टाचार भएको विषय बाहिरिनु दुःखद् रहेको बताउनुभयो । यस प्रकरणमा गृहमन्त्रीको नाम पनि मुछिएका कारण राजीनामा गरेर छानबिनमा सघाउन उहाँले आग्रह गर्नुभयो । त्यस्तै, बनेका कानुनको प्रभावकारी कार्यान्वयन र नयाँ बनाइनुपर्ने कानुन चाँडो निर्माण गरिनुपर्ने धारणा सांसद अधिकारीले राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद सुमित्रा बिसीले विभिन्न ऐन कानुन समयमा बन्न नसक्दा परेको अप्ठ्यारो बताउनुभयो । कर्णाली क्षेत्रको विकासका लागि त्यहाँको प्राकृतिक स्रोतको उपयोगको प्रबन्ध गर्न पनि उहाँले माग गर्नुभयो । त्यहाँ रहेका प्राकृतिक स्रोतको उपयोग गर्नका लागि प्रदेश सरकारलाई विशेष अधिकार उपलब्ध गराउनुपर्ने धारणा पनि उहाँले राख्नुभयो ।रासस

# पीएएन मधेश प्रदेश अधिवेशन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानाध्यापक संघ नेपाल (पीएएन) मधेश प्रदेश समितिको अधिवेशन यही जेठ १७ गते हुने भएको छ ।

जनकपुरधाममा बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै पीएएन मधेश प्रदेश समितिका अध्यक्षसमेत रहेका श्री यज्ञबलक्य संस्कृत माध्यमिक बिद्यालय ज्ञानकुपका प्रधानाध्यापक सञ्जय झाले यही जेठ १७ गते प्रदेशसभा अर्थात प्रदेश अधिवेशन हुने जानकारी दिए ।

सो प्रदेश अधिवेशनमा हरेक जिल्लाबाट २५ जना प्रतिनिधि गरी २५० जना सहभागी रहने बताए । सो प्रदेश अधिवेशन मुख्यमन्त्री सतीशकुमार सिंह, शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीलगायतको आतिथ्यतामा हुने जनाइएको छ ।



# चित्रगुप्त सेवा समितिको अध्यक्षमा दिलीप कर्ण निर्वाचित



**टुडे समाचारदाता**

जनकपुरधाम । चित्रगुप्त सेवा समिति जनकपुरधामको कार्यकारिणीसमितिकोअध्यक्षसहित सम्पूर्ण पदमा निर्विरोध निर्वाचित भएका छन् ।

निर्धारित मिति जेठ १० गते मनोनयन दर्ता प्रक्रिया सम्पन्न भएपछि अध्यक्षदेखि सदस्यसम्मको पदमा आवश्यक संख्यामा उम्मेदवारी आएपछि निर्वाचन प्रक्रियालाई अगाडि बढाइएको थियो ।

तर मंगलबार पदाधिकार ीसहित सदस्य पदका लागि मनोनयन दिएका ८ जना मध्ये २ जनाले उम्मेदवारी फिर्ता लिएपछि बाँकी ६ जना सदस्यसहित सम्पूर्ण पदाधिकारी निर्विरोध निर्वाचित भएका छन् ।

सो समितिको अध्यक्षमा दिलीप कुमार लाल कर्ण, उपाध्यक्ष विनोद कुमार कर्ण, सचिव बिरेन्द्र लाल कर्ण, सह-सचिव मोहन लाल कर्ण र कोषाध्यक्षमा नरेश लाल कर्ण निर्विरोध चयन भएका छन् ।

त्यस्तै सदस्यहरूमा जटाशंकर मल्लिक (सरोज), विनिता देवी कर्ण, इन्दु देवी कर्ण, रतिस कुमार दत्त, शिवम कुमार श्रीवास्तव र नितेष कुमार कर्ण निर्विरोध निर्वाचित भएका छन् ।

# गैससद्वारा आधार पत्र सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । सामाजिक संघसंस्था सम्बन्धी कानूनमा नागरिक समाजको सक्रिय सहभागिता सुनिश्चित गर्न गैर सरकारी संस्था महासंघ नेपाल (गैसस) ले ११ बुँदे माग सहितको "आधार पत्र २०८२" सार्वजनिक गरेको छ ।




जनकपुरधाममा बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै गैसस महासंघ धनुषाले नागरिक संघ, सामाजिक तथा सामुदायिक संस्थाहरूको हकहित संरक्षणका लागि तयार गरिएको आधार पत्र सार्वजनिक गरेको छ ।

आधार पत्रमा संघ संस्थाको दर्ता, नवीकरण, कार्यक्षेत्र, वर्गीकरण, र पहिचान सम्बन्धी स्पष्ट कानूनी व्यवस्था माग गरिएको छ। यस्तै प्रगति प्रतिवेदन, अनुगमन, संस्था खारेजी, कर नीति, सम्पत्ति भोगचलन अधिकार, तथा परियोजनाको स्वीकृति प्रक्रिया संघीय र प्रादेशिक तहमा स्पष्ट रुपमा निर्धारण गर्नुपर्ने उल्लेख गरिएको छ ।

गैससले अन्तर्राष्ट्रिय संस्थाहरूले संघीय सामाजिक विकास बोर्डबाट स्वीकृति लिनुपर्ने व्यवस्था, नियामक निकायको गठन, र संघ-संस्थासम्बन्धी विवरण डिजिटल प्रणालीमार्फत व्यवस्थापन गर्नुपर्ने माग पनि अघि सारेको छ ।

सो पत्रकार सम्मेलन गैसस महासंघ धनुषाका अध्यक्ष संजय साहको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा महासंघका केन्द्रीय सचिव रामचन्द्र साह, केन्द्रीय सदस्य धीरेन्द्र बहादुर सिंहको उपस्थिति रहेको थियो ।

**ज्योतिष-मार्गदर्शन**

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ । |
| वृष : | आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ । मेहनत गर्दा अवसर भने पाइनेछ । |
| मिथुन : | नयाँ व्यवसाय शुरु गर्ने मौका छ । पारिवारि भेटघाटले प्रसन्नता मिल्नेछ । |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । |
| सिंह : | रमाइलो यात्राको अवसर जुट्न सक्छ । |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ । |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाईनेछ । |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ । प्रतिष्ठित कामको जिम्मेवारी पाइनेछ । |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ । व्यापार व्यवसायबाट लाभ छ । |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ । |
| कुम्भ: | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । |
| मीन : | बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथ सजिलै काम बनाउन सकिनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राष्ट्रपतिसँग न्युजिल्याण्डका उपप्रधानमन्त्रीको भेट



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग न्युजिल्याण्डका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री विन्स्टन पिटर्सले राष्ट्रपति भवन शीतल निवासमा बुधबार शिष्टाचार भेट गर्नुभएको छ ।

सो अवसरमा राष्ट्रपति पौडेलले नेपाल सन् २०३० सम्ममा मध्यम आए भएको मुलुक बन्नेतर्फ अग्रसर भएकाले यो लक्ष्य हासिल गर्न व्यापार, लगानी र विकास सहकार्यका लागि आग्रह गर्नुभएको उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले बताउनुभयो ।

नेपाल र न्युजिल्याण्ड विभिन्न अन्तरराष्ट्रिय विषयहरूमा साझा धारणासहित बहुपक्षीय मञ्चहरूमा सहकार्य गर्दै आएको स्मरण गर्दै उहाँले स्तरोन्नतितर्फको हाम्रो यात्रालाई दिगो बनाउन व्यापार, लगानी र विकास सहकार्यका सन्दर्भमा न्युजिल्याण्डबाट हामी सहयोगको अपेक्षा गर्दछौँ भन्नुभयो ।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको सङ्कटबाट दुवै देश मारमा परेको बताउँदै हिमालय क्षेत्रको जनजीवन बचाउनका लागि मिलेर काम गर्न आग्रह गर्नुभएको थियो ।

न्युजिल्याण्डका पर्यटकले नेपाललाई एक पर्यटकीय गन्तव्य मुलुकको रूपमा पहिचान गरेको उहाँको भनाइ थियो । न्युजिल्याण्डमा नेपालीहरूको अध्ययनका लागि उच्च शिक्षाको आकर्षक गन्तव्य बनेको सन्दर्भ उल्लेख गर्दै राष्ट्रपति पौडेलले त्यहाँ बसोवास गर्ने नेपाली बढेकाले दुई देशबीच जनस्तरमा सम्बन्ध बलियो बनाउन उनीहरूले महत्त्वपूर्ण भूमिका खेल्नु खुसीको विषय हो भन्नुभयो ।

कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुवै देशबीच मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध कायम रहँदै आएको र हाम्रो सम्बन्ध गाढा बनाउन सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गेले सगरमाथाको पहिलो पटक कीर्तिमानी आरोहणले महत्त्वपूर्ण योगदान दिएको विदितै छ भन्दै उहाँले उक्त आरोहणको ७० औँ वार्षिकोत्सवमा दुवै देशले 'सगरमाथा-७०' मनाएकोमा खुसी प्रकट गर्नुभयो ।

उहाँले दुवै देशका जनताबीच अन्तर्क्रिया एवं सम्बन्ध बढाउन सर एडमन्ड हिलारीले स्थापना गर्नुभएको हिमालयन ट्रस्टले खेलेको भूमिकाको प्रशंसा गर्दै यसले जनस्तरमा सम्बन्ध विस्तामार सहयोग पुर्‍याएको छ भन्नुभयो ।

सो अवसरमा न्युजिल्याण्डका उपप्रधानमन्त्रीले संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना कार्यमा नेपालले पुर्‍याएको योगदानको प्रशंसा गर्दै अन्तरराष्ट्रिय सम्बन्धमा साना देशहरुको भूमिका पनि महत्त्वपूर्ण हुनेमा आफूहरू विश्वस्त रहेको बताउनुभयो ।

नेपाल न्युजिल्याण्डका जनताको लागि रमणीय देश भएकाले यहाँको भ्रमण गर्न पाउँदा खुसी लागेको उल्लेख गर्दै नेपाली विद्यार्थीहरूको लागि छात्रवृत्ति वृद्धि गरेर नेपालसँग शिक्षा र विकासको सम्बन्ध सुदृढ गर्न आफूहरूले चाहेको जानकारी दिनुभयो । उहाँले जलवायु परिवर्तनले ल्याएको सङ्कटप्रति आफूहरू सजग रहेको उल्लेख गर्दै यो समस्या समाधानका लागि सबै देशको सहभागिता जरूरी रहेको बताउनुभयो ।रासस

# स्वदेशमै केही हुन्छ, हुँदैछ भन्ने आशावाद पलाएको छ : प्रधानमन्त्री



काभ्रेपलाञ्चोक । प्रधानमन्त्री केपी शर्मा ओलीले विकास र परिवर्तनका लागि आफूहरुको लगातारको प्रयासले नेपालमा केही हुन्छ र हुँदैछ भन्ने आशावाद देखिएको बताउनुभएको छ । काभ्रेको धुलिखेल नगरपालिका-६ स्थित धुलिखेल अस्पतालको 'ट्रमा एण्ड इमर्जेन्सी सेन्टर' भवनको बुधबार शिलान्यास गर्नुहुँदै उहाँले केही नभएको ठाउँमा पनि विकास र परिवर्तन देखिनुले स्थानीय जनतामा आत्मविश्वास पलाएको छ भन्नुभयो ।

उहाँले केही भएन भनेर गलत भाष्य सिर्जना गर्नेहरुले भएको विकास नदेखेको टिप्पणी गर्दै कुनै पनि अवस्थामा परिवर्तन ल्याउन एकैदिनमा सम्भव नहुने भएकाले यसका लागि इमानदार र लगातारको प्रयास आवश्यक रहेको जनाउनुभयो ।

"अविकासबाट विकासमा मुलुकलाई लान सबैले आफ्नो ठाउँबाट योगदान गर्नुपर्छ । कुरा काट्नेहरु त गल्ली गल्लीमा भेटिन्छन् । काम गर्न र साँच्चिकै परिवर्तन ल्याउन कुरा काटेजस्तो सजिलो हुँदैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "तीस वर्षअघि बाँझो कान्ला र खेत भएको यस ठाउँमा आधुनिक अस्पताल बन्छ र विकास हुन्छ भनेर सपना देख्नेहरुले यो काम अघि बढाए । रासस

# प्रधानमन्त्रीसँग न्युजिल्याण्डका उपप्रधानमन्त्रीको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसँग न्युजिल्याण्डका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री विन्स्टन पिटर्सले बुधबार शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटका अवसरमा दुईपक्षीय हित, आपसी सम्बन्ध एवं बहुपक्षीय सहकार्यलाई अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो ।

उहाँहरूबीच कृषि, पर्यटन, शिक्षा, व्यापार र लगानीका क्षेत्रमा सहकार्यमा प्रशस्त सम्भावना रहेकामा समान मत रहेको थियो ।

प्रधानमन्त्री ओलीले वर्तमान सरकारले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाका साथ स्थिरता, विकास, सुशासन, सामाजिक न्याय र सामाजिक रूपान्तरणलाई प्राथमिकता दिएको अवगत गराउनुभयो ।

उपप्रधानमन्त्री पिटर्सले नेपालको विकास र समृद्धिका साथै अन्तरराष्ट्रिय मञ्चमा दुई देशबीचको सहकार्य अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः-२०८२।०२।१५)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**(क) सम्बन्धित कार्यालयः- कृषि बिकास बैंक लि. शाखा कार्यालय मलंगवा ।**

**धितो लिलाम बिक्री हुने मिति** :- ग्राहक नं १ देखि २४ २०८२ साल असार २२ गते आइतवार ।
ग्राहक नं २५ देखि ४८ २०८२ साल असार २३ गते सोमवार ।

**लिलाम हुने कार्यालय/स्थान**: शाखा कार्यालय मलगवा, सर्लाही ।

**ग्राहकको विवरण**

**१- ग्राहकको नाम**: कपिलेश्वर राय, ना.प्र.नं:१३७।४९१ ज.स.२२ जारी मितिः२०४१।१०।२१ जारी भएको कार्यालयःजि.का.सर्लाही बाबु/पतिको नामः फेकन राय ससुरा/बाजेः मलेछि राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ७१८ | ०-१-१३.७५ |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ६८८ | ०-१-२ |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ६९९ | ०-२-६ |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ७०९ | ०-०-१६.२५ |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ६९६ | ०-२-१७ |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ६९१ | ०-२-२.७५ |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ७०३ | ०-३-० |
| कपिलेश्वर राय | सर्लाही | भेल्ही | ९ | ७२६ | ०-१-१० |

**२- ग्राहकको नाम**: राघवेन्द्र यादव, ना.प्र.न ७२९०१०८०ः जारी मितिः२०६१।८।१५ जारी भएको कार्यालयःजि.प्र.का. सर्लाही बाबु/पतिको नामः लालबाबु यादवस सुरा/बाजको नामः हरिशरण यादव

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राधवेन्द्र यादव | सर्लाही | फुलपरासी | ५ | २९५ | ०-१०-३ |
| राधवेन्द्र यादव | सर्लाही | फुलपरासी | ७ | २८२ | ०-११-१७ |
| राधवेन्द्र यादव | सर्लाही | फुलपरासी | ९ | २२९ | ०-७-१६ |

**३-ग्राहकको नाम**: निलु वर्मा, ना.प्र.नंः१९३००६/२६५ जारी मितिः२०६४।१।६ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामःश्री नारायण प्र.श्रीवास्तव/नरेश कुमार वर्मा ससुरा/बाजको नामः चन्द्रदेव लाल कायस्थ

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| निलु बर्मा | सर्लाही | मलंगवा | ५ | २११८ | ०-०-४ |

**४- ग्राहकको नाम**: दिनकर राय यादव, ना.प्र.नंः१४१० जारी मितिः२०४४।१२।१७ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामःविरीक्ष राय यादव ससुरा/बाजको नामः काली राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| दिनकर राय यादव | सर्लाही | धनगढा | ९ख | १०४० | ०-०-१७ |
| दिनकर राय यादव | सर्लाही | धनगढा | ९घ | ८ | ०-२-१० |
| दिनकर राय यादव | सर्लाही | धनगढा | ९ख | १०४३ | ०-२-० |
| दिनकर राय यादव | सर्लाही | धनगढा | ९ख | १०४७ | ०-०-१४ |

**५.-ग्राहकको नाम**: सुन्दरी यादव, ना.प्र.नंः८८९३१७३७ जारी मितिः२०४५।०१।०१ जारी भएको कार्यालयः जि.का.सर्लाही बाबु/पतिको नामः नन्द लाल राय ससुरा/बाजको नामः जीमदार राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| श्रीमति सुन्दरी देवी | सर्लाही | विष्णुपुर | ९ | ६३१ | ०-०-१० |

**६.-ग्राहकको नाम**: सीता कुमारी, ना.प्र.नंः ३९५६२६६८ जारी मितिः२०४०।१।२ जारी भएको कार्यालयःजि.प्र.का. सर्लाही बाबु/पतिको नामः सोनफी ठाकुर लोहार/राम अधार ठाकुर ससुरा/बाजको नामः शिव स्वरुप ठाकुर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सिता कुमारी | सर्लाही | जमुनीया | ८ख | १६४ | ०-९-० |
| सिता कुमारी | सर्लाही | जमुनीया | ८ख | ३०० | ०-७-७ |

**७.-ग्राहकको नाम**: श्रीमति चञ्चला ठाकुर, ना.प्र.नंः ३०३०२०५६ जारी मितिः२०५३।१०।१५ जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामःमधेशर राय/दिपेन्द्र ठाकुर ससुरा/बाजको नामः साधु ठाकुर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| श्रीमति चंचला ठाकुर | सर्लाही | गडहीया | ६ | ८३९ | ०-१-१७.५ |
| श्रीमति चंचला ठाकुर | सर्लाही | गडहीया | ६ | ८३६ | ०-१-१७.५ |
| श्रीमति चंचला ठाकुर | सर्लाही | गडहीया | २ | ७०० | ०-२-११.७५ |
| श्रीमति चंचला ठाकुर | सर्लाही | गडहीया | १ | १७२ | ०-८-० |
| श्रीमति चंचला ठाकुर | सर्लाही | गडहीया | २ | १८४ | ०-०-१३.५ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| दिपेन्द्र ठाकुर | गडहीया ३ ,हाल बलरा न.पा. ८ सर्लाही | ३०३०१९६९ | सर्लाही/मिति २०५०।९।१२ /जि.प्र.का.सर्लाही | साधु ठाकुर भुमीहार | |

**८.-ग्राहकको नाम**: रामपरी देवी सुडिन, ना.प्र.नंःज.स. २१४७(भ.मु.म.) जारी मितिः२०४६।३।२२ जारी भएको कार्यालयःगृह मन्त्रालय बाबु/पतिको नामः कोदई महतो/असर्फी महतो सुडी ससुरा/बाजको नामः मोती महतो सुडी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामपरी देवी सुडीन | सर्लाही | विष्णुपुर | ४ख | १२८४ | ०-०-५ |

**९.-ग्राहकको नाम**: संजीव कुमार राय, ना.प्र.नंः ८१३४४१०२ जारी मिति२५६।१२।१८ःजारी भएको कार्यालयःजि.प्र.का. सर्लाही बाबु/पतिको नामः सिया राम राय ससुरा/बाजको नामः छठु राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| संजीव कुमार राय | सर्लाही | सलेमपुर | २क | ६८७ | ०-४-१५-० |
| संजीव कुमार राय | सर्लाही | सलेमपुर | २क | ७१९ | ०-१-०-० |
| संजीव कुमार राय | सर्लाही | कविलासी | २ | ४६१ | ०-१-४-५ |
| संजीव कुमार राय | सर्लाही | सलेमपुर | २क | ६८३ | ०-७-१०-० |

**१०.- फर्मको नामः**-जयन्त माछा पालन उद्योग दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.ः-५८३३।०७३।०७४ दर्ता मितिः- २०७३।५।३ पान नं.ः- ६०८४८२८९५

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु/ पति | ससुरा |
|---|---|---|---|---|---|
| शान्ति देवी साह | भेल्ही ३ सर्लाही हाल ब्रह्मपुरी गा.पा. ३ सर्लाही | १३७३१२२३ | जि.का.सर्लाही मिति २०४४।११।२५ | विलट साह तेली/ जदुवंश साह तेली | शिव शंकर साह |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| शान्ति देवी साह | सर्लाही | चन्द्रनगर | ३ख | १६८ | १-१५-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | बाबु /पत्नि | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राजेन्द्र कुमार साह तेली | भेल्ही ५,हाल ब्रह्मपुरी गा.पा. ३ सर्लाही | १३७३१३२४ | सर्लाही/२०४४।४।२७/ जि.प्र.का. सर्लाही | जदुवंश साह तेली /पुष्पा देवी साह | शिव संकर साह |
| जितेन्द्र कुमार साह | भेल्ही ५,हाल ब्रह्मपुरी गा.पा. ३ सर्लाही | १३७३१३२९ | सर्लाही/२०४४।८।४/ जि.प्र.का. सर्लाही | जदुवंश साह तेली /रिमा साह | शिव संकर साह |

**११.-ग्राहकको नामः** प्रमोद कुमार राय, ना.प्र.नंः ६६१५२९५५ जारी मितिः२०६१।११।३० जारी भएको कार्यालयःजि.प्र.का. सर्लाही बाबु/पतिको नामः राम विश्वास राय यादव ससुरा/बाजको नामः दिपलाल राय यादव

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| प्रमोद कुमार राय | सर्लाही | विष्णुपुर | ३क | ४२ | ०-७-१०.५ |
| प्रमोद कुमार राय | सर्लाही | विष्णुपुर | ३क | ३६८ | ०-५-१.५ |

**१२.-ग्राहकको नामः** राज कुमारी देवी, ना.प्र.नंः१९३०३९/४४७ जारी मितिः२०६३।१२।१०जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामःजंगीलाल ठाकुर राम पुकार ठाकुर लोहार ससुरा/बाजको नामःराम कृत ठाकुर लोहार

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राज कुमारी देवी | सर्लाही | मलंगवा | ३क | २३५३ | ०-०-१० |

**१३.-ग्राहकको नामः** राम सुरज महतो, ना.प्र.नंः४२७४११६१ जारी मितिः२०५२।१०।५ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः राम दयाल महतोससुरा/बाजको नामः दिलचन महतो

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राम सुरज महतो | सर्लाही | कविलासी | ६क | १०४ | १-०-० |
| राम सुरज महतो | सर्लाही | कविलासी | ७क | १३५ | ०-१०-१० |
| राम सुरज महतो | सर्लाही | कविलासी | ७ख | २५ | ०-७-१४ |
| राम सुरज महतो | सर्लाही | कविलासी | ७क | १६८ | ०-९-१० |
| राम सुरज महतो | सर्लाही | कविलासी | ६क | ३०६ | ०-६-७ |
| राम सुरज महतो | सर्लाही | कविलासी | ७ख | १५८ | ०-११-१६ |
| राम सुरज महतो | सर्लाही | बेला | ९ङ | २०९ | ०-२-४ |
| राम सुरज महतो | सर्लाही | बेला | ९ङ | ३२३ | ०-११-३ |
| राम सुरज महतो | सर्लाही | बेला | ९ङ | ३४० | ०-७-४ |
| राम सुरज महतो | सर्लाही | बेला | ९ङ | ३४३ | ०-४-१८ |
| राम सुरज महतो | सर्लाही | बेला | ९ङ | ३२४ | ०-३-४ |

**१४.-ग्राहकको नामः** नवल प्रसाद यादव, ना.प्र.नंः ८१२३१४९५ जारी मितिः२०४४।१२।२४ जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामः लक्ष्मी प्रसाद यादव ससुरा/बाजको नामः फनी राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| नवल प्रसाद यादव | सर्लाही | सक्रौल | ४ख | ९८ | ०-९-८ |
| नवल प्रसाद यादव | सर्लाही | विष्णुपुर | ४ख | ९९४ | ०-०-८.२५ |
| मनतोरीया देवी | सर्लाही | कौडेना | ६ | ४७ | ०-७-१६ |
| मनतोरीया देवी | सर्लाही | कौडेना | ६ | ४८ | ०-२-१७ |
| मनतोरीया देवी | सर्लाही | कौडेना | ६ | ५२ | १-४-१७.५ |
| मनतोरीया देवी | सर्लाही | कौडेना | ६ | ५४ | ०-१०-६.५ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| मनतोरीया देवी | सक्रौल २ हाल मलंगवा ४,सर्लाही | ८१२३०००२ | जि.का. सर्लाही मिति २०४१।८।८ | लक्ष्मी प्रसाद यादव | फनी राय |

**१५.-ग्राहकको नामः** रामनाथ साह कालवार, ना.प्र.नंः७३१५०१०९ जारी मितिः२०५५।३।२३ जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामः बनारसी साह ससुरा/बाजको नामः तिलक साह

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामनाथ साह कलवार | सर्लाही | पिडारी | ३ | १९० | ०-७-१० |

**१६.-ग्राहकको नामः** विलास साह तेली, ना.प्र.नंः५९१२०५७७ जारी मितिः२०४४।१०।२७ जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामः बचु साह तेलीससुरा/बाजको नामः बलगोविन्द साह

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| विलास साह तेली | सर्लाही | मलंगवा | ५ | ११४९ | ०-२-० |
| विलास साह तेली | सर्लाही | मलंगवा | ६ | ९५३ | ०-३-० |

**१७.-ग्राहकको नामः** मिश्रिलाल प्रसाद साह सेनार, ना.प्र.नंः२७८/९१११०२७८ जारी मितिः२०३८।१०।२७ जारी भएको कार्यालयःजि.प्र.का. सर्लाही बाबु/पतिको नामः शिवदयाल साह सोनार ससुरा/बाजको नामः रूदल साह

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | २ | ५२१ | ०-२-३ |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | २ | ४७९ | ०-१-१२ |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | १ | ३४७ | ०-०-८.५ |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | १ | ३३६ | ०-३-१३ |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | १ | ३३५ | ०-२-१५ |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | ५ | ४७५ | ०-०-६.५ |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | ५ | ४७९ | ०-०-१० |
| मिश्रीलाल प्रसाद साह सोनार | सर्लाही | सुन्दरपुर | ५ | ५२४ | ०-२-१८.७५ |

**१८.-ग्राहकको नामः** रञ्जु कर्ण, ना.प्र.नंः१९१०३१/८० जारी मितिः२०६४।२।८ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः जय नारायण लाल दास/कृष्ण कुमार कर्ण ससुरा/बाजको नामः मदन लाल कर्ण

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रंजु कर्ण | सर्लाही | विष्णुपुर | ४ख | ३५८ | ०-०-३ |
| रंजु कर्ण | सर्लाही | विष्णुपुर | ४ख | २४९ | ०-०-१० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**


| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| कृष्ण कुमार कर्ण | मलंगवा १० सर्लाही | ५९१५२५१४ | सर्लाही/२०५१।५।१४/ जि.प्र.का.सर्लाही | मदन लाल कर्ण | महेश्वर लाल कर्ण |

**१९.-ग्राहकको नामः** राम नन्दन महतो, ना.प्र.नंः२२४५/५६३ जारी मितिः२०३७।११।२८ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः भगलु महतो कोइरी ससुरा/बाजको नामः ठगा महतो

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामनन्दन महतो | सर्लाही | वेल्वा जब्दी | ४ | १७५६ | ०-२-१० |
| रामनन्दन महतो | सर्लाही | वेल्वा जब्दी | ४ | ९२१ | ०-४-० |

(बाँकी पृष्ठ ५मा)




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कारबाहीको असर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४(ख) बाट निर्वाचित प्रदेश सांसद सरोज सिंह कुशवाहाका स्वकीय सचिवलाई पक्राउ गरी सिंहको मोबाइल नियन्त्रणमा लिएको असर मधेश प्रदेशमा देखिन थालेको छ । अख्तियारले कारबाही थाले लगतै सांसदहरु सतर्क भएका छन् । खातामा रकम राखिसकेका कयौं सांसदहरु अहिले रकम हेरफेर गर्न सक्रिय देखिएका छन् । अख्तियारको कारबाहीले योजना बिक्री गर्ने सभासदहरु त्रसित भएका छन् । त्रासमा केही मन्त्रीहरु पनि देखिएका छन् । तर केही मन्त्रीले केही नहुने आफ्ना आसेपासेलाई बताउने गरेका छन् । अख्तियारको टोलीले सभासद सिंहको स्वकीय सचिवलाई पक्राउ गरेपछि अन्य सांसद र मन्त्रीका स्वकीय सचिव समेत डराएका छन् । बैंक मार्फत उनीहरुले कारोबार समेत बन्द गरेका छन् । दलालहरु मार्फत अब नगदमा नै कारोबार हुन थालेको छ । अनधिकृत रुपमा प्रयोगमा रहेका सरकारी गाडीहरु पनि यस कार्यमा लगाइएको बताइन्छ । नगद लेनदेन र फोनमा त्यस सम्बन्धी विषयमा कुराकानी समेत बन्द गरिएको छ । मन्त्री र सभासदहरुले सकभर आफ्ना दलालसित पनि योजना बिक्री र त्यसको कमिसनको विषयमा मोबाइल फोनमा संवाद गर्न छाडेका छन् । यो अख्तियारको पछिल्लो कारवाहीको प्रभाव हो । तर सबै योजनाहरु बिक्री भइसकेको र अधिकांशको कमिसन रकम मन्त्री र सभासदहरुले लिइसकेकाले अन्य सभासदहरु कारबाहीको दायरामा पर्न सक्ने अथवा उम्किने त्यो यकिन भन्न कठिन छ । अख्तियारले मधेश प्रदेशमा अनुसन्धानलाई जारी राखेको छ । पालिकाहरुमा पनि अख्तियारको कारबाही भइरहेको छ । मधेश प्रदेशका अधिकांश मन्त्री र सभासदहरुले आफ्नो भागमा परेका योजनाहरु बिक्री गरेका छन् । त्यस मध्ये सबै भन्दा अगाडि भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्री सरोज यादव रहेको बताइन्छ । मन्त्री यादवले प्रदेशका आठवटै जिल्ला पूर्वाधार विकास कार्यालयबाट उपभोक्ता समिति गठनका लागि दिने पत्रमा प्रमुखहरुको हस्ताक्षर र चलानी गराएर सबै पत्र आफैँले राखेर दलालहरु मार्फत बिक्री गराएको आरोप प्रदेशसभा बैठकमा समेत लगाइएको छ । मन्त्री यादव लगायतले योजना बिक्री गरेको छानबिनका लागि प्रदेश सभाबाट संसदीय छानविन समिति गठन गर्न सभामुख रामचन्द्र मण्डलले रुलिंग समेत गरिसकेका छन् । तर झण्डै दुई महिना बितिसक्दा समेत समिति गठन हुन सकेको छैन । योजना बिक्री गर्नेमा मन्त्री र सांसद समेत संलग्न रहेकाले तैं चुप मैं चुपको स्थिति देखिन्छ । मधेश प्रदेशमा सर्वाधिक आर्थिक अनियमितता हुने गरेको विभिन्न तथ्यांकहरुले देखाएको छ । मधेश प्रदेशमा सभासद र मन्त्रीहरुले योजना बेचेको अनुसन्धान अख्तियारबाट नै हुनुपर्ने धेरैको माग छ । कानुनविदहरुले समेत अनुसन्धान हुनुपर्ने सुझाव दिएका छन् ।

# गणतन्त्रपछि खेलकुदमा उपलब्धि



राजु सिलवाल

नेपालमा राजनीतिक संरचना परिवर्तन भई लोकतन्त्रको आगमनसँगै गणतन्त्रको बहाली भएपछि मुलुकका अन्य क्षेत्रमा जस्तै खेलकुदमा पनि विविध परिवर्तन भएका छन् ।

मुलुकमा बहुदलीय ब्यवस्थाको पुनःस्थापनापछि पहिलोपटक स्थापना गरिएको खेलकुद मन्त्रालयलाई लोकतान्त्रिक व्यवस्थामा पनि निरन्तरता दिई नेपालको खेलकुद क्षेत्रलाई समयोचित ढङ्गबाट अघि बढाउने प्रयास हुँदै आएको छ । नेपाली खेलकुद क्षेत्रमा विभिन्न खेलमा खेलाडीहरुको सहभागिता बढ्दै गइरहेको छ । मुलुकभित्र नयाँनयाँ खेल भित्रिने क्रम पनि जारी रहेको छ । तर सीमित साधन र स्रोतका कारण खेलकुदले जुन परिमाणमा प्राथमिकता पाउनु पर्दथ्यो त्यति पाउन सकेको छैन । तापनि यस अवधिमा नेपाली खेलाडीहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागिता जनाई विभिन्न उपलब्धि हासिल गरेका छन् ।

### सबै प्रदेशमा खेलकुद मन्त्रालय

नेपालमा गणतन्त्र आएपछि खेलकुद इतिहासमा पहिलोपटक सातै प्रदेशमा खेलकुदको आधिकारिक निकायलाई विकेन्द्रीकरण गरिएको छ । प्रत्येक प्रदेश सरकारअन्तर्गत युवा तथा खेलकुद मन्त्रालयको स्थापना भई युवा तथा खेलकुद क्षेत्रको जिम्मेवारी हस्तान्तरण गरिएको हो । प्रदेशस्तरीय खेलकुद मन्त्रालयले खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने गर्ने गरेको छ ।

यसैगरी खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवद्र्धन गर्नुका साथै खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन गर्ने कार्य समेत गर्ने गरेको छ । मन्त्रालयद्वारा राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजनाका साथै प्रदेशमा युवा तथा खेलकुदसम्बन्धी अन्य गतिविधिहरु सञ्चालन भई आएका छन् ।

### प्रदेश खेलकुद परिषद् स्थापना

विगतमा राष्ट्रिय खेलकुद परिषद् समग्र मुलुकको खेलकुद विकासका लागि जिम्मेवार निकायका रुपमा सञ्चालन भई आएकामा गणतन्त्रपछि सातै वटा प्रदेशमा पनि प्रदेश खेलकुद परिषद् स्थापना गरिएको छ । यी परिषद् खेलकुद क्षेत्रको समग्र विकासका लागि स्थापना गरिएको हो । परिषद्ले खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा हुने प्रतियोगितामा सहभागिताजस्ता क्षेत्रमा कार्य गर्दै आइरहेको छ । युवा तथा खेलकुद मन्त्रालय मातहत रहेको परिषद्अन्तर्गत विभिन्न जिल्लाका जिल्ला खेलकुद विकास समितिहरू रहेका छन् । पालिकाहरुमा पनि पालिका खेलकुद विकास समिति गठन गरिएका छन भने वटामा समेत गठन गरिएको खेलकुद विकास समिति स्थानीयस्तरको खेलकुद विकासका लागि महत्वपूर्ण आधार बन्न सक्ने देखिएको छ ।

### आर्थिक सम्मानको सुनिश्चितता

नेपालमा विगतदेखि नै अन्तरराष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सरकारले नगद पुरस्कार दिने परम्परा भए पनि निश्चित प्रतियोगिताका विजेता खेलाडीहरुलाई मात्र यसरी सम्मानित गरिने गरिन्थ्यो । दक्षिण एसियाली खेलकुद, एसियाली खेलकुदजस्ता प्रतियोगितामा पदक पाउन सफल खेलाडीहरु मात्र यस्ता पुरस्कारबाट लाभान्वित हुने गरेका थिए । अब खेलाडीहरुको पुरस्कारका लागि छुट्टै नियमावलीको व्यवस्था गरिएको छ । अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा पदक जित्ने नेपाली खेलाडीहरुलाई सरकारद्वारा नगद पुरस्कार प्रदान गरी प्रोत्साहित गरिने व्यवस्था राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ मा गरिएको छ । यस्तो व्यवस्थापछि दक्षिण एशियाली खेलकुद, एशियाली खेलकुद, ओलम्पिकका साथै अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक बिजेता खेलाडीहरुले समेत सरकारबाट आर्थिक पुरस्कारद्वारा सम्मानित हुने सुनिश्चित गरिएको छ ।

### खेलाडीको उपचारमा सहयोग

राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ मा दुर्घटनामा परेका खेलाडी तथा प्रशिक्षकलाई आर्थिक सहायता दिनका लागि खेलाडी कल्याणकारी कोषको व्यवस्था गरिएको छ । कडा रोग लागेका खेलाडी तथा प्रशिक्षकले पनि उपचारका लागि आर्थिक सहयोग पाउने भएका छन् । मुटु रोग, मिर्गौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल इन्जुरी, हेड इन्जुरी, सिकलेस एनिमियाजस्ता कडा रोग लागेकालाई यो कोषबाट सहयोग गरिने भएको छ ।

### राष्ट्रिय खेलकुद विकास ऐन २०७७

राजनीतिक परिवर्तनपछि अन्य निकायमा जस्तै खेलकुद क्षेत्रमा पनि पुराना ऐनलाई परिमार्जन तथा संशोधन गरेर समय अनुकूल बनाउने प्रयास गरिएको छ । यसैक्रममा ल्याइएको राष्ट्रिय खेलकुद विकास ऐन २०७७ ले खेलमा अनियमितता तथा मिलोमतो गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । विगतमा फुटबल, क्रिकेटजस्ता खेलमा मिलोमतो भएको आरोपमा नेपाली खेलाडीले कारबाही समेत भोगिसकेका छन् । नयाँ ऐनले खेलाडीलाई प्रतिबन्धित औषधि सेवन गर्न गराउन नहुने व्यवस्था पनि गरेको छ ।

नेपालमा खेलकुद प्रतियोगिता सञ्चालन भइरहँदा बेलाबखत दर्शकदीर्घाबाट समेत अवरोध हुने गरेको छ । नयाँ खेलकुद ऐनमा खेलकुद प्रतियोगिता हेर्न उपस्थित दर्शकहरुले समेत पालना गर्नु पर्ने आचार संहिता बनाएर लागू गर्ने कुरा उल्लेख गरिएको छ । खेल र खेलाडीको वर्गीकरण गर्ने र खेलाडीहरुको सामाजिक सुरक्षाका लागि आवश्यक पहल गर्ने व्यवस्था पनि ऐनले गरेको छ । चार प्रदेशका खेल सङ्घ आपसमा मिलेर राष्ट्रिय खेल सङ्घ वा महासङ्घ गठन गर्न सकिने, नेपालका मौलिक तथा परम्परागत खेल तोक्ने कुरा पनि राष्ट्रिय खेलकुद विकास विकास ऐनमा उल्लेख गरिएको छ ।

### भौतिक पूर्वाधारको अवस्था

नेपालमा खेलकुद क्षेत्रको देशव्यापी रुपमै भौतिक सम्पत्तिहरु रहेका छन् । राष्ट्रिय खेलकुद परिषद्को स्वामित्वमा रहेका कतिपय जमिन विगतदेखि नै अतिक्रमणमा समेत परेका छन् । मुलुकमा गणतन्त्र आएपछि खेलकुदका विभिन्न पूर्वाधार बन्नुका साथै समयोचित मर्मतसम्भार र स्तरोन्नति गरिएको छ । खेलकुद पूर्वाधारका रुपमा रहेका रङ्गशालाहरुमा चितवनको गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, पोखरा रङ्गशाला, नेपालगञ्ज रङ्गशाला, धनगढी रङ्गशाला, ललितपुरको च्यासल रङ्गशाला आदिमा आवश्यक निर्माण तथा मर्मतसम्भार कार्य गरी प्रतियोगिता सञ्चालनका लागि उपयुक्त बनाइएका छन् । कीर्तिपुर क्रिकेट मैदानमा प्यारापिट निर्माण र फ्लडलाइट राख्ने कार्य जारी रहेको छ ।

> नेपालमा गणतन्त्र आएपछि खेलकुद इतिहासमा पहिलोपटक सातै प्रदेशमा खेलकुदको आधिकारिक निकायलाई विकेन्द्रीकरण गरिएको छ । प्रत्येक प्रदेश सरकारअन्तर्गत युवा तथा खेलकुद मन्त्रालयको स्थापना भई युवा तथा खेलकुद क्षेत्रको जिम्मेवारी हस्तान्तरण गरिएको हो ।

खेलकुद पूर्वाधार निर्माणका लागि प्रदेश तथा स्थानीय सरकारको सक्रियता हुँदै गएको पाइएको छ । बागमती प्रदेश सरकारले हेटौँडामा गौरीटार रङ्गशाला निर्माण गरेको छ । त्यहाँ ट्र्याकसहितको फुटबल मैदान, मार्सलआर्टका कभडहल, प्यारापिटसहितको क्रिकेट पीच, पौडीपोखरी र खेलाडी आवास गृह बनाइएको छ ।

कर्णाली प्रदेश सरकारले सुर्खेतमा कर्णाली रङ्गशाला निर्माण गरेको छ । त्यहाँ ट्र्याकसहितको फुटबल मैदान, भलिबल कभर्डहल, क्रिकेट पीच र पौडीपोखरी बनेका छन् । दाङको बेलझुण्डीमा रहेको रङ्गशालामा सेन्थटिक्स ट्र्याक अन्य सुविधाको व्यवस्था गरिएको छ । विभिन्न जिल्लामा २२ वटा सेमिकभर्डहलहरु बनाइएका छन् ।

यसैगरी सिमरा रङ्गशाला, भैरहवा क्रिकेट रङ्गशाला र कोहलपुर क्रिकेट रङ्गशाला महत्वपूर्ण खेलकुद पूर्वाधार बनेका छन् । नेपालमा अन्तरराष्ट्रियस्तरको फुटबल रङ्गशालाको अभाव महसुस गरिएको छ । पचासौँ वर्ष पुरानो दशरथ रङ्गशालामा बेलाबखत फुटबलबाहेक अन्य गतिविधि पनि हुने गरेका छन् । दशरथ रङ्गशालाको स्तरको अवस्थालाई खोट लगाउँदै नेपालमा निश्चित गरिएको अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता समेत अन्यत्र सारिएको तितो यथार्थ बिर्सन सकिदैंन। नेपालमा फुटबल रङ्गशाला निर्माण गर्नका लागि अन्तरराष्ट्रिय फुटबल महासङ्घ फिफाले सहयोग गर्न तयार भए पनि जग्गा भने प्राप्त गर्न नसकिएको अवस्था छ ।

### राष्ट्रिय गौरवका आयोजनामा खेलकुद

नेपालमा जलविद्युत्, सिँचाइ, यातायातलगायत विभिन्न महत्वपूर्ण विकास निर्माणका आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेजस्तै पहिलो पटक खेलकुदलाई पनि राष्ट्रिय गौरवको आयोजना भनी घोषणा गरिएको थियो । नेपाल सरकारले २०८१/८२ को वार्षिक बजेटमा खेलकुदलाई पनि राष्ट्रिय गौरवको आयोजनाका रुपमा समावेश गरेको थियो । काठमाडौँको गोकर्णस्थित मूलपानी क्रिकेट रङ्गशाला र विराटनगरमा रहेको गिरिजाप्रसाद कोइराला रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएको थियो । तर स्रोत सुनिश्चित नभएपछि निर्माण कार्यमा भने ढिलाइ हुन गयो ।

नेपालमा २०३८ सालमा सुरु गरिएको राष्ट्रिय खेललाई गणतन्त्रमा पनि निरन्तरता दिइएको छ । २०६५ सालमा पाँचौं, २०६८ सालमा छैटौं, २०७३ सालमा सातौं, २०७५ सालमा आठौं र २०७९ सालमा नवौं राष्ट्रिय प्रतियोगिता आयोजना गरिएको थियो । तर हालसम्म राष्ट्रिय खेलकुदको २१ औं संस्करण सम्पन्न भैसक्नु पर्नेमा नवौं प्रतियोगिता मात्र सम्पन्न हुनु उचित थिएन । २०८१ सालमा कर्णाली प्रदेशमा १० औं राष्ट्रिय प्रतियोगिता आयोजनाकालागि तीन पटक मिति घोषणा गरिए पनि हालसम्म आयोजना गर्न सकिएको छैन ।

नेपालमा विभिन्न खेलका जारी प्रतियोगिताले नयाँ नयाँ प्रतिभाहरुको छनोटका लागि सघाउ पुगिरहेको छ । त्यसैगरी यु १४ विद्यालय खेलकुद, राष्ट्रपति रनिङशिल्ड, विश्वविद्यालय खेलकुदजस्ता खेलकुद प्रतियोगिता पनि खेलाडी उत्पादनका लागि उपयुक्त माध्यम बनिरहेका छन् ।

### खेलकुद समावेशी बाटोमा

फरक क्षमताका खेलाडीहरुको पारा तथा खेलकुद प्रतियोगिता, राष्ट्रपति महिला खेलकुद सहभागिता अभिवृद्धि कार्यक्रम, परम्परागत खेलकुद प्रतियोगिता, सबैका लागि खेलकुदः यौनिक तथा लैङ्गिक अल्पसङ्-यकहरुका लागि खेलकुद, आदिवासी जनजाति खेलकुद कार्यक्रम आदिले नेपाली खेलकुद जगत्लाई समावेशी बाटोतर्फ अग्रसर बनाउँदै लगेको देखिएको छ ।

### पहिलो ओलम्पिक पदक

सन् १९६४ देखि ओलम्पिकमा भाग लिँदै आएको नेपालले ६१ वर्षमा पहिलोपटक ओलम्पिकमा पदक जित्यो । नेपाली पारा ताइक्वाण्डो खेलाडी पलेशा गोवद्र्धनले फ्रान्सको पेरिसमा सम्पन्न पारा ओलम्पिकमा ताइक्वाण्डोको ५७ केजी तौल समूहमा कास्य पदक जितेकी थिइन् । नेपालको खेलकुद इतिहासमा यो सबैभन्दा महत्वपूर्ण पदक मान्न सकिन्छ । उनले सन् २०२२ को हाङचाउ एसियाली पारा खेलकुदमा पनि नेपालका लागि पहिलो कास्य पदक जित्न सफल भएकी थिइन् ।

### पच्चीस वर्षपछिको पदक

कराते खेलाडी एरिका गुरुङले हाङचाउ एसियाली खेलकुदमा नेपाललाई २५ वर्षपछि व्यक्तिगत प्रतिस्पर्धामा रजत पदक दिलाउन सफल भएकि थिइन् । यसअघि सन् १९९८ मा थाइल्याण्डको बैंककमा भएको एसियाली खेलकुदमा ताइक्वाण्डो खेलाडी सविता राजभण्डारीले नेपाललाई एसियाली खेलकुदमा पहिलो रजत पदक दिलाएकी थिइन् । टिम इभेण्टस्को पहिलो एसियाली रजत पदक भने नेपालले सन् २०१८ मा जितेको थियो । नेपाली पाराग्लाइडिङ पुरुष टिमले इण्डोनेसियामा क्रसकन्ट्री इभेण्टमा उक्त पदक हात पार्न सफल भएको थियो । पदक जिजेता टिममा विमल अधिकारी, विजय गौतम, युकेश गुरुङ, सुशील गुरुङ र विशाल थापा रहेका थिए ।

नेपालमा गणतन्त्र आएपछि विभिन्न खेलाडीले एसियाली खेलकुदमा कास्य पदक पनि जितेका थिए । सन् २०१० मा चीनको ग्वाङझाउमा बक्सिङतर्फको ८१ केजी तौल समूहको लाइट हेभिवेटमा दीपक महर्जन, सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा करातेतर्फ एकल कातामा बिमला तामाङले काँस्य पदक पाएका थिए ।

### दक्षिण एसियाली पदक

सन् २०१० मा बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न ११ औं दक्षिण एसियाली खेलकुदमा नेपालले आठ स्वर्ण, नौ रजत र १९ कास्य पदक जितेको थियो । सन् २०१६ मा भारतको आसाममा भएको १२औं एसियाली खेलकुदमा नेपालले तीन स्वर्ण, २३ रजत तथा ३५ काँस्य पदक पाएको थियो । सन् २०१९ मा नेपालमा आयोजित १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालले ५१ स्वर्ण, ६० रजत र ९६ कास्य पदक प्राप्त गरी पदक तालिकामा दोस्रो स्थान हासिल गर्न सफल भएको थियो ।

नेपालले अन्य विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा पनि पदकहरु जितेको छ । विशेषगरी टिम खेलको तुलनामा व्यक्तिगत खेलतर्फ बढी मात्रामा पदक जितेको देखिएको छ । तर खोखो खेलको विश्वस्तरीय प्रतियोगितामा नेपालले पुरुष तथा महिला दुवै इभेण्टस्मा दोस्रो स्थान ल्याउन सफल हुनु सानो उपलब्धि होइन ।

### क्रिकेटमा छलाङ

नेपालले एसियन क्रिकेट काउन्सिल (एसिसी) तथा अन्तरराष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) का क्रिकेट लिगहरुमा आफ्नो सशक्त उपस्थिति देखाउँदै आइरहेको छ । नेपालले पुरुष क्रिकेटमा सन् २०१८ मा एकदिवसीय मान्यता प्राप्त गर्न सफल भएको थियो । यसअघि नेपाल सन २०१४ को आइसिसी विश्वट्वाण्टीको लागि छनोट भएको थियो । वरिष्ठ खेलाडीहरुको विश्वकपमा नेपाली टोलीको यो पहिलो सहभागिता थियो । नेपालले सन् २०१८ को विश्व क्रिकेट लिग डिभिजन दुईमार्फत इतिहासमा पहिलो पटक ओडिआईमा पुग्न सफल भएको थियो । नेपाल सन् २०२३ मा एसिसी पुरुष प्रिमियर कपको फाइनलमा संयुक्त अरब इमिरेटसलाई हराएर एसिसी एसिया कपका छनोट हुन सफल भएको थियो । नेपाल सन् २०२४ को आइसिसी टि-ट्वाण्टी विश्वकपमा सफल छनोटसँगै एसिया कपमा सहभागी भएको थियो ।

नेपाली पुरुष क्रिकेट टिम अहिले विश्वको एक दिवसीय वरियतामा १७ औं तथा टि-ट्वाण्टी वरियतामा १८ औं स्थानमा रहेको छ । नेपाली महिला क्रिकेट टिमले विगत केही वर्षदेखि गर्दै आइरहेको प्रगति पनि उत्साहजनक मानिएको छ । पछिल्लो पटक नेपाली महिला टिम आइसिसी महिला टि ट्वाण्टी विश्वकपमा एशियाको छनोट पार गर्दै पहिलोपटक ग्लोबल छनोटमा पुग्नु महत्वपूर्ण उपलब्धि हो । नेपालले अन्तिम चरणको ग्लोबल छनोट खेल्न पाउनेछ ।

### फुटबलमा सफलता

नेपालमा सबैभन्दा लोकप्रिय मानिएको फुटबलका अन्तरराष्ट्रिय प्रतियोगिताहरुमा नेपालको निरन्तर सहभागिता भइरहेको छ । गणतन्त्रपछि नेपालको पुरुष फुटबल टिमले सन् २०१५ मा साफ यु १९ च्याम्पियनसीप र सन् २०१६ मा बङ्गबन्धु कप र एएफसी सोलिडारिटी कप जितेको थियो ।

यसैगरी सन् २०१६ मै एसियाली खेलकुदमा फुटबलतर्फ प्राप्त स्वर्ण पदक अर्को महत्वपूर्ण सफलता थियो । सन् २०२१ को साफ च्याम्पियनसीपमा नेपाल दोस्रो भएको थियो । यस अवधिमा नेपाली महिला टिमको उपलब्धि पनि प्रशंसाजनक मान्न सकिन्छ । नेपाली महिला राष्ट्रिय फुटबल टिम धेरैपटक दोस्रो भएको छ । साफ च्याम्पियनसीपमा सन २०१०, २०१२, २०१४, २०१९, २०२२ र २०२४ मा नेपालले दोस्रो स्थान हासिल गऱ्यो । सन् २०१० को दक्षिण एशियाली खेलकुदमा नेपाली महिला फुटबल टिम दोस्रो भएको थियो । सन् २०२४ मा वाफ अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता तथा सन् २०२५ को अन्तरराष्ट्रिय महिला च्याम्पियनसीपमा पनि नेपाली महिला टिम दोस्रो भएको थियो ।


### भलिबल राष्ट्रिय खेल घोषणा

नेपालको राष्ट्रिय खेल कुन हो भनेर लामो समयदेखि अन्यौल भइआएको थियो । कसैले डण्डिबियोलाई राष्ट्रिय खेल भन्ने गरेका थिए भने कोही कबड्डीलाई राष्ट्रिय खेल भन्दै खेल्ने गर्दथे । यस प्रकारको अन्यौल मुलुकमा गणतन्त्र आएपछि मेटिएको छ । नेपाल सरकारले गत २०७४ साल जेठमा भलिबललाई नेपालको राष्ट्रिय खेल घोषणा गरेको थियो । नेपालमा विगत कैयौं वर्षदेखि खेलिदै आएको भलिबल खेल हिमाली क्षेत्रदेखि तराईका भूभागसम्मै खेलिने गरिएको छ । थोरै लगानीमा भलिबल राष्ट्रिय खेल घोषणा गरिएपछि यो खेलले मुलुकभित्र मात्र नभई अन्तर्राष्ट्रिय जगतमा पनि उपलब्धि हासिल गर्दै गएको देखिएको छ । पुरुषका साथै महिला भलिबलमा समेत उल्लेखनीय प्रगति हुँदै गएको पाइन्छ ।

नेपालका फुटबल, भलिबल, कबड्डीलगायतका खेलाडी विदेशका टिमसँग आबद्ध भएर व्यावसायिक खेल खेल्न अवसर पाउनु मुलुककै गौरबको विषय बन्न पुगेको छ । मुलुकभित्रै अहिले विभिन्न खेलमा व्यावसायिक अभ्यास सुरु भएका छन । क्रिकेट, फुटबल, भलिबल, कबड्डीलगायतका खेलमा टिम सञ्चालनदेखि प्रतियोगिताको आयोजनासम्मको प्रक्रियामा नेपाली निजी क्षेत्र अगाडि आउनु नेपालको खेलकुद जगतका लागि शुभसङ्केत मान्न सकिन्छ । नेपालमा खेलेरै जीवन धान्न सकिने अवस्थाको व्यवस्था गर्नका लागि सम्बन्धित निकायले विशेष योजना नै ल्याउनु पर्ने जरुरी देखिएको छ ।

नेपालमा खेलकुदको विकासका लागि स्कूल तहदेखि नै निरन्तर प्रशिक्षण सुरु गरिनुपर्ने आवश्यक महसुस देखिएको छ । अर्को महत्वपूर्ण पाटो भनेको नेपालको सम्भावना भएका खेलको छनोट । नेपाली खेलाडीहरुले उचित प्रदर्शन गर्न सक्ने खेलहरुको दीर्घकालीन रुपमा नियमित तालिम दिन सकिएको खण्डमा भोलिका दिनमा ओलम्पिकमा समेत पदकको दाबी गर्न सकिने सम्भावना देखिन्छ । तर यसका लागि सरकारले खेलकुदलाई उच्च प्राथमिकताका साथै आवश्यक बजेट बिनियोजित गर्नु जरुरी देखिएको छ । (लेखक खेलकुद पत्रकार हुनुहुन्छ)

# स्वास्थ्य बिमा यथार्थ, भ्रम र भावी बाटो



डा रघुराज काँल

गएको वर्ष २०८१ मा नेपालमा निकै चर्चा भएको एउटा विषय हो, स्वास्थ्य बिमा । राष्ट्रको उच्च नेतृत्वदेखि दूरदराजका नागरिकसम्म स्वास्थ्य बिमाले एउटा कम्पन सिर्जना गरेको छ । सरोकार राख्ने क्षेत्रबीच त यसको चर्चा भइरहेको थियो नै स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सुधारका लागि विशेष प्रयास अगाडि बढाउने घोषणा गरेर निरन्तर पहलकदमी लिएपछि स्वास्थ्य बिमा राष्ट्रिय बहसकै विषय बन्न पुग्यो । स्वास्थ्य बिमाको सुधार नै नेपालको स्वास्थ्य क्षेत्रमा समाजवाद ल्याउने आधार हो भन्ने ढङ्गबाट प्रस्तुत मात्र हुनुभएन उहाँले बिमा सुधारको भरपर्दो मार्गचित्र नै प्रस्तुत गरेर सुधार अघि बढाउन अनवरत योगदान दिएपछि समग्र स्वास्थ्य क्षेत्रमा एउटा भिन्न माहोल सिर्जना भएको छ । यो ढङ्गको आक्रामक तर सुझबुझपूर्ण प्रयत्नले सकारात्मक नतिजा दिन्छ भन्ने आशा आम नागरिकमा जगाएको छ । त्यसमा पनि यो पङ्क्तिकारलगायतको टोलीले स्वास्थ्य बिमा सुधार गर्न सकिने मार्गचित्रसँगै सुधारको खाकासहितको प्रतिवेदन बुझाउँदा प्रधानमन्त्रीले देखाएको चासो र कार्ययोजना बनाई अगाडि बढ्न दिएको निर्देशनले अब स्वास्थ्य बिमा सुधारले गति प्राप्त गर्ने विश्वास आम नागरिक तहसम्मै बढेको छ ।

स्वास्थ्य बिमाका सवालमा नेपालमा चलिरहेको बहसमा खासगरी दुई धार देखिन्छ : एउटा यो चल्दैन, हुँदैन र धान्न सकिँदैन र अर्को स्वास्थ्य उपचारको यो नै सबैभन्दा उत्तम उपाय हो, यसलाई व्यवस्थित गरेर लान सकिन्छ । स्वास्थ्य बिमाले लिएको बाटो ठीक छ तर यसलाई सुधार गर्नु आवश्यक छ । दुईवटै धारका आ-आफ्नै तर्क त होलन् । तर एउटा वास्तविकताचाहिँ के हो भने यथार्थमा अब नेपाल स्वास्थ्य बिमाबाट भाग्न सक्ने अवस्थामा छैन । आजसम्मको भोगाइबाट पत्ता लागेको उत्तम बाटो नै यसको उचित व्यवस्थापन हो ।

यथार्थपरक दृष्टिले हेर्दा हाल स्वास्थ्य बिमामा ६२ लाख नागरिक आबद्ध छन् । लाखौं नागरिकले स्वास्थ्योपचार सेवा लिँदै आएका छन् । अस्पतालहरुमा स्वास्थ्य बिमामार्फत उपचार लिनेको घुइँचो देख्न सकिन्छ । स्वास्थ्य बिमा सुविधा सञ्चालन नगरेका अस्पतालमा बिरामी पाउन विस्तारै कठिन हुँदै गएको विश्लेषण स्वयं अस्पताल सञ्चालकहरुले गर्दै आएका छन् । खासगरी सामान्यतः स्वास्थ्य सेवाको पहुँचमा कमजोर देखिएका ज्येष्ठ नागरिक, गरिब, विपन्न, अशक्त तथा सामाजिक र आर्थिक दृष्टिबाट पछाडि परेका व्यक्तिहरुका लागि यो बरदान सावित भएको छ ।

नागरिकको स्वास्थ्यप्रतिको चासो बढाउन र अस्पताल गएर स्वास्थ्य सेवा लिन यसले अभिप्रेरित मात्र गरेको छैन साँच्चिकै ऊर्जा र आत्मबल समेत प्रदान गरेको छ । आफ्नो प्रिमियम राज्यले तिरिदिने हुँदा लक्षित वर्गका ती नागरिक निर्धक्क भएर उपचार गराउन पाउने अवस्थामा छन् । देशका सबै नागरिकले सेवा लिन पाउने बनाइएकाले स्वास्थ्यमा सर्वव्यापी सहभागिताको सोच कार्यान्वयनमा लैजान स्वास्थ्य बिमाले वास्तवमै निकै योगदान गरेको छ भन्दा फरक नपर्ला । अर्बौको स्वास्थ्योपचार गराई नागरिकलाई स्वस्थ भएर बाँच्ने वातावरण यस कार्यक्रमले सिर्जना गरेको छ ।

स्वास्थ्य बिमा कार्यक्रम आफ्नो खर्च धान्न सक्ने अवस्था छैन, यसमा सेवा प्रदायकले भुक्तानीका लागि अनावश्यक दाबीहरु पेस गरेका छन्, छाड्नेको दर निकै उच्च छ भन्ने भ्रम पनि फैलाइएको छ । सेवामा गुणस्तर कायम हुन सकेको छैन । स्वास्थ्य बिमा बोर्डको संस्थागत क्षमता विकास हुन नसक्दा सुशासन दिन सकेन, बोर्ड घाटामा छ जस्ता टिप्पणी गर्नेहरुको जमात ठूलो छ । यसरी टिप्पणी गर्नेहरु कतिपय स्वास्थ्य बिमालाई साँच्चिकै नजिकबाट बुझेका छन् । तर कतिले भने लहैलहैमा टिप्पणी गरेका छन् । सामाजिक सुरक्षामा आधारित कार्यक्रम भएकाले पनि सर्वसाधारणको स्वास्थ्य बिमाप्रति चासो र चिन्ता हुनु स्वभाविक हो । माथि उठाइएका निरासाका प्रश्नलाई अस्वभाविक भन्न त सकिँदैन तर विषयको गहिराइमा पुगेर कुनै टिप्पणी आएकोभन्दा पनि सतहमा जे देखियो, त्यसैलाई धेरैले सत्य मानेको देखिन्छ ।

बजारमा उठेका प्रश्नलाई केलाउँदा स्वास्थ्य बिमा सामाजिक सुरक्षामा आधारित अवधारणा हो । यो नाफा कमाउनभन्दा पनि नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न राज्यले सुरु गरेको नवीन काम हो । स्वास्थ्य उपचार नागरिकको अधिकार हो र राज्यको दायित्व । बढ्दो स्वास्थ्य उपचार खर्च राज्यले मात्र व्यहोर्न नसक्ने तथ्यलाई मनन गरी नागरिकसँगको संयुक्त योगदानमा सञ्चालन गर्न खोजिएको एक विधि हो वा प्रणाली हो । यसमा आम नागरिकको क्षमताअनुसार योगदान हुन्छ, राज्यले पनि त्यसमा स्रोत मिसाउँदछ । अनि सबैभन्दा महत्वपूर्ण पाटो जसलाई स्वास्थ्य उपचारको खाँचो पर्दछ यो उसैले सेवा लिने विधि हो । हाम्रो जस्तो कमजोर आर्थिक अवस्था भएको देशमा स्वास्थ्य उपचारको यो सबैभन्दा अपरिहार्य र भरपर्दो उपाय पनि हो । स्वास्थ्य बिमा कार्यक्रमको लक्ष्य उपचार कतिले लिए भन्दा पनि आवश्यक पर्ने जति भए पनि सबैले उपचार पाउन् भन्ने हो ।

सेवा प्रदायकको संख्या बढ्दै गएको र उपचार लिनेको संख्या बढ्दै गएकाले सेवा प्रदायकले गर्ने दाबीमा केही कमजोरी होलान् भन्ने आकलन गरिए तापनि त्यसको समीक्षाका लागि बलियो प्रबन्ध गरिएको पाउन सकिन्छ । सुधारका गुन्जाइस त सबै ठाउँमा हुन्छ तर दाबीमा स्वच्छता कायम गर्न बोर्डले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमताको सक्दो उपयोग गरेको देखिन्छ । धेरैले स्वास्थ्य उपचार गराउँदा घाटा भयो भन्न त सकिएला । तर, नागरिकको स्वास्थ्यलाई प्रमुख विषय मान्दा यो तर्कको खासै अर्थ भएजस्तो लाग्दैन । छाड्नेको दर उच्च छ तर प्रत्येक वर्ष बीमितको संख्या भने बढ्दै गएको छ ।

यसले स्वास्थ्य बिमा कार्यक्रममा आकर्षण घटेकोभन्दा पनि उपचार प्रयोजनका लागि नागरिक स्वास्थ्य बिमामा जोडिएको बुझ्न गाह्रो पर्दैन । होइन भने तथ्याङ्क हेर्दा हरेक वर्ष स्वास्थ्य बिमा सेवा लिनेको संख्या बढिरहेको देखिने पक्कै थिएन । हो, यसमा सुधार आवश्यक छ भन्ने नागरिकको चाहना होला । तर, यस कार्यक्रमले आफूलाई धेरै हदसम्म राहत दिएको छ भन्ने आम नागरिकको विश्वास भने यस तथ्याङ्कले दिलाएको प्रष्ट हुन्छ ।

### सरकारको अपरिपक्वता

गएको चैत २५ गते स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको एक दशक लागिसके छ । स्वास्थ्य बिमा ऐन २०७४ जारी भएको पनि आठ वर्ष लागेको छ । तर यतिका समयसम्म पनि यत्तिका नागरिकको स्वास्थ्य बिमाको नेतृत्व गर्ने निकाय स्वास्थ्य बिमा बोर्डको सङ्गठन संरचना स्वीकृत भएको छैन । स्थायी दरबन्दी छैन । कर्मचारी विनियम स्वीकृत हुन सकेको छैन ।

# प्रदूषण न्यूनीकरण गर्न सवारी साधनमा युरो-६ मापदण्ड लगाउने तयारी

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले प्रदूषण न्यूनीकरणको लागि सवारी साधनमा युरो-६ मापदण्ड लगाउने तयारी भइरहेको जानकारी दिनुभयो ।

राष्ट्रियसभामा बुधबार उठेका प्रश्नको जवाफ दिँदै उहाँले सवारी साधनमा युरो-६ मापदण्ड लागू गर्ने तयारी भइरहेको बताउनुभयो । "काठमाडौँ उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन भइरहेको र हाल यसको समयसापेक्ष संशोधनको प्रक्रियामा रहेको छ, सवारी साधनबाट हुने प्रदूषण न्यूनीकरणको लागि सवारी साधनमा युरो-६ मापदण्ड लगाउने तयारी भइरहेको छ, हाल युरो-३ को मापदण्ड कार्यान्वयनमा रहेको छ", उहाँले भन्नुभयो, "वायु प्रदूषण नियन्त्रणसम्बन्धी २८ वटा मापदण्डको तर्जुमा गरी कार्यान्वयन भइरहेको र उद्योगको प्रतिष्ठान तथा आयोजनाको वातावरणीय मापदण्ड परिपालना तथा वातावरणीय अध्ययन प्रतिवेदनकको कार्यान्वयन सम्बन्धमा निरन्तर अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने कार्य भइरहेको छ ।"

उहाँको अनुसार यसैगरी प्रदूषण नियन्त्रणका सम्बन्धमा भएका मुख्य नीतिगत तथा कार्यक्रम व्यवस्थामध्ये राष्ट्रिय वातावरण नीति २०७६ तर्जुमा गरी कार्यान्वयन भइरहेको, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण नियामावली, २०७७ तर्जुमा गरी कार्यान्वयन भइरहेको र राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्य योजना तर्जुमाको कार्य अगाडि बढाएको छ ।"

मन्त्री शाहीका अनुसार देशको विभिन्न ३० स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरी त्यसबाट प्राप्त तथ्याङ्कलाई वातावरण विभागको वेवसाइटमार्फत सरोकारवाला तथा सर्वसाधारणलाई जनकारी भइरहेको छ । वातावरण प्रदूषण, मानव स्वस्थ्य र पर्यवरणमा यसको असर र प्रदूषण न्यूनीकरणक उपायहरूको सम्बन्धमा विभिन्न सञ्चारका माध्यममार्फत जनचेतना अभिवृद्धि गर्नेलगायतका प्रवर्द्धनात्मक कार्य भइरहेको उहाँको भनाइ छ ।

"समग्र जीवजन्तुको अस्तित्वका लागि पर्यावरण अनुकूल बनाउन वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वनस्पति विभाग एवं वातावरण विभागको सहकार्य र समन्वयनमा कार्यक्रम सञ्चालन भइरहेका छन्", मन्त्री शाहीले भन्नुभयो, "आर्थिक ऐनमा गरेको व्यवस्थावमोजिम नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर एक रूपैयाँ ५० पैसाको दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गर्ने गरिएको छ । उक्त व्यवस्था बमोजिम आव २०६५/६६ देखि २०७९/८० सम्म रु १९ अर्ब ६० करोड २९ लाख र आव २०८०/८१ मा रु दुई अर्ब ७८ करोड ७६ लाख ४४ हजार २१७ राजस्व असुल गरी सञ्चित कोषमा दाखिला भएको उपलब्ध तथ्याङ्कले देखाएको छ ।"

वन तथा वातावरण मन्त्रालय र यसअन्तर्गतको वातावरण विभागलगायतको निकायमा वार्षिक रूपमा प्राप्त हुने बजेटबाट प्रदूषण नियन्त्रण एवं अन्य वातावरण संरक्षणका क्रियाकलापमा खर्च भएको रकम प्रदूषण घटाउनमा योगदान पुगेको उहाँको भनाइ छ । प्रदूषण नियन्त्रण शुल्कवापत उठेको रकम सञ्चित कोषमा दाखिला हुने भएकाले उक्त रकम प्रदूषण नियन्त्रणलगायत अन्य क्रियाकलापमा समेत खर्च हुने गरेको देखिने मन्त्री शाहीले बताउनुभयो ।

यसैगरी हालसम्म नेपालमा २९ वटा बाह्य मिचाहा वनस्पति प्रजाति अभिलेख गरिएका र तिनीहरू झार, झाडी तथा लहरा प्रजातिको सङ्ख्या, फैलावट तथा प्रकोप द्रुतगतिले बढ्दै गएको मन्त्री शाहीले बताउनुभयो ।

"विश्वव्यापी रूपमा जैविक विविधता ह्रास हुनाका विभिन्न कारणमध्ये बाह्य मिचाहा प्रजातिको फैलावट दोश्रो प्रमुख कारणको रूपमा रहेको छ, बाह्य मिचाहा प्रजातिहरूलाई हातले उखेल्ने, काट्ने, यान्त्रिक उपकरणहरूको प्रयोग गरेर हटाउने, प्राकृतिक जीव - कीरा, ब्याक्टेरिया, फङ्गस, वा अन्य सजीवहरूको प्रयोग गरेर जैविक विधिबाट हटाउने तथा हर्बिसाइडजस्ता रसायनहरूको प्रयोग गरेर पनि हटाउन सकिन्छ", उहाँले भन्नुभयो, "यी विधिमध्ये प्रजातिको किसिम तथा वरिपरिको वातावरण, अवस्था हेरेर कुनै पनि विधि अपनाउन सकिन्छ तर सबैभन्दा उत्तम उपाय भनेको यस्ता प्रजातिलाई नेपाल भित्रनै नदिनुनै हो ।"

बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइसकिएको उहाँले जानकारी दिनुभयो ।

वन डढेलो नियन्त्रण सम्बन्धमा विभिन्न नीतिगत व्यवस्थाहरू रहेको भन्दै मन्त्री शाहीले वन डढेलो नियन्त्रण रणनीति, २०६७ कार्यान्वयनमा रहेको जानकारी गराउनुभएको छ । "सो रणनीतिमा व्यवस्था भएबमोजिम जनचेतना अभिवृद्धि तथा प्रविधि विकास, जनसहभागितामा आधारित अनुसन्धान, सहकार्य एवं पूर्वाधार विकास गर्दै डढेलो नियन्त्रण गर्नका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ," उहाँले जवाफ दिनुभयो, "दिगो वन व्यवस्थापनमा आधारित वन सम्वर्द्धन गर्दै वन स्रोतको उचित उपयोग गरिनेछ साथै सामुदायिक वनको व्यवस्थापन सुदृढ गर्दै वनमा आधारित स्रोतको उपयोग गरिने योजना छ ।"



वन डढेलो नियन्त्रणसम्बन्धी सरोकारवाला निकायहरूसँग वन तथा वातावरण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, रेड कार्यान्वयन केन्द्र, सामुदायिक वनका सदस्यहरू, स्थानीय सरकार, सुरक्षा निकाय र बीच विभिन्न चरणमा समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो ।

"वन डढेलोसम्बन्धी सूचनालाई व्यवस्थित गरी देशभर यससम्बन्धी सूचना प्रवाहलाई सुदृढ गर्न प्रत्येक डिभिजन वन कार्यालयहरुमा डढेलो फोकल व्यक्ति तोकी निजहरूलाई वन डढेलो पहिचान तथा अनुगमन प्रणालीसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको छ", मन्त्री शाहीले भन्नुभयो, "वन डढेलोबाट हुने जन, धन र वनको क्षति न्यूनीकरण गर्नका लागि जनचेतना जागरण गर्ने अभिप्रायका साथ देशका सबै जिल्लाहरूमा चैत १ गतेदेखि ७ गतेसम्म वन डढेलो सचेतना सप्ताह कार्यक्रम मनाउने गरिएको छ ।"

वन डढेलोबाट हुनसक्ने मानवीय क्षतिलाई बिमामार्फत राहत उपलब्ध गराउने उद्देश्यले यसै आर्थिक वर्षमा समृद्धिका लागि वन कार्यक्रममार्फत बजेट व्यवस्था गरी रेड कार्यान्वयन केन्द्रबाट बिमा प्रिमियम भुक्तानीको व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभएको छ । रासस

**२०.-ग्राहकको नामः** श्री मति सिकिल देवी, ना.प्र.नंःज.स. १५२७ जारी मितिः२०४६।३।४ जारी भएको कार्यालयः गृह मन्त्रालय बाबु/पतिको नामःश्री तपेश्वर राय /विरेन्द्र प्रसाद यादव ससुरा/बाजको नामः जगदीश राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| श्रीमति सिकील देवी | सर्लाही | सिमरा भगवतीपुर | ९ | ३६९ | ०-३-१० |
| श्रीमति सिकील देवी | सर्लाही | सिमरा भगवतीपुर | ७क | ५०१ | ०-०-४ |
| श्रीमति सिकील देवी | सर्लाही | सिमरा भगवतीपुर | ७क | ५०७ | ०-४-१६ |
| श्रीमति सिकील देवी | सर्लाही | सिमरा भगवतीपुर | ७क | ५०० | ०-०-१६ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| विरेन्द्र प्रसाद यादव | भगवतीपुर ७ सर्लाही | ८७४२१२४३ | सर्लाही /२०४५।१।६/ जि.प्र.का. सर्लाही | जगदीश राय यादव | तपेश्वर राय |

**२१.-ग्राहकको नामः** दुर्गा देवी अमात्य, ना.प्र.नंः १६०३१६१८४ जारी मितिः २०३८।७।३० जारी भएको कार्यालयः जि.प्र.का. पर्सा बाबु/पतिको नामः दिपक लाल अमात्य ससुरा/बाजको नामः पशुपति लाल अमात्य

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| दीपक लाल अमात्य | सर्लाही | चन्द्रनगर | ६क | ६४ | ०-१७-९ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| दीपक लाल अमात्य | बेंगी विष्णपुर मलंगवा ९, सर्लाही | २४१३/ ७१४३२४१३ | सर्लाही मिति २०३१।४।१/ जि.प्र.का. सर्लाही | पशुपति लाल अमात्य | नन्द लाल अमात्य |

**२२.-ग्राहकको नामः** सुरेन्द्र राय यादव, ना.प्र.नंः ६९७९१५६३ जारी मितिः२०६१।१०।१८ जारी भएको कार्यालयःजि.प्र.का. सर्लाही बाबु/पतिको नामः हरिहर राय यादव ससुरा/बाजको नामः ज्ञानचन राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सुरेन्द्र राय यादव | सर्लाही | मुसैली | ७क | ३५९ | ०-१-० |
| सुरेन्द्र राय यादव | सर्लाही | मुसैली | ७क | ३६२ | ०-३-१०.२५ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| ललीता कुमारी | मुसैली ८ ,सर्लाही | १९१०३२/१९ | सर्लाहिं मिति २०६६।९।२१ जि.प्र.का.सर्लाही | सुरेन्द्र राय यादव/ रुदल राय | हरिहर राय |

**२३.-ग्राहकको नामः** गायत्री देवी, ना.प्र.नंः४२७४३६६९ जारी मिति२०५३।११।२२ जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामः राम विलास चौधरी/नागेन्द्र चौधरी ससुरा/बाजको नामः शुभकरण चौधरी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| गायत्री देवी | सर्लाही | सलेमपुर | १क | १३० | ०-१३-१० |

**२४.-ग्राहकको नामः** सिकिलिया देवी, ना.प्र.नंः९५४/१०९१ जारी मितिः२०५३।२।३ जारी भएको कार्यालयः जि.प्र.का. सर्लाही /पतिको नामःराम स्वारुप राय यादवससुरा/बाजको नामः राम वृक्ष राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सिकीलीया देवी | सर्लाही | विष्णुपुर | ३क | ३०२ | ०-१-५ |

**२५.-ग्राहकको नामः** शिवकाली देवी, ना.प्र.नंः१९१०५९/१४६ जारी मितिः२०६५।५।६ जारी भएको कार्यालयः जि.प्र.का. सर्लाही बाबु/पतिको नामः महेन्द्र राय यादव/ दिनकर राय यादव ससुरा/बाजको नामः सिरी राय यादव

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| शिवकली देवी | सर्लाही | कविलासी | ४ख | १६२० | ०-०-५-० |
| शिवकली देवी | सर्लाही | सलेमपुर | १क | ८०७ | ०-५-१.७५-० |
| शिवकली देवी | सर्लाही | सलेमपुर | १क | ८०९ | ०-५-१.७५-० |
| शिवकली देवी | सर्लाही | कविलासी | ४ख | ८२६ | ०-१-०-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| दिनकर राय यादव | कविलासी ३, हाल कविलासी न.पा. ८, सर्लाही | ४२७४४००३ | जि.प्र.का. सर्लाही मिति २०५७।५।८ | सिरी राय यादव | |

**२६.-ग्राहकको नामः** सरोज कुमार यादव, ना.प्र.नंः१९१०२१/२५ जारी मितिः२०६७।३।२० जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः जवाहरलाल राय ससुरा/बाजेको नामः रूदल राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राम जोती देवी | सर्लाही | बत्रौल | १ | २३७ | ०-११-३-० |
| राम जोती देवी | सर्लाही | बत्रौल | ४क | २०५ | ०-७-१९-० |
| राम जोती देवी | सर्लाही | बत्रौल | १ | १०१८ | ०-३-१०-० |
| राम जोती देवी | सर्लाही | बत्रौल | १ | २३७ | ०-११-३-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राम जोती देवी | बत्रौल ३ सर्लाही | १०३६१०२१ | जि.का. सर्लाही मिति २०४३।२।३० | जवाहर लाल राय /महन्थ राय | रुदल राय |

**२७.-ग्राहकको नामः** राम सिरिठ दास, ना.प्र.नंः १९३००८/८१ जारी मितिः२०६३।१२।२३ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः रामधारी दास ससुरा/बाजको नामः छाठु दास

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राम सिरीठ दास | सर्लाही | खैर्वा मोग्लाहा | ५क | ५१३ | ०-०-८.५ |
| राम सिरीठ दास | सर्लाही | खैर्वा मोग्लाहा | ६क | ५२३ | ०-१-३.५ |
| राम सिरीठ दास | सर्लाही | खैर्वा मोग्लाहा | ६क | ५२० | ०-१-६.५ |
| राम सिरीठ दास | सर्लाही | खैर्वा मोग्लाहा | ५क | ५१४ | ०-०-६.५ |

**२८.-ग्राहकको नामः** रामराजी देवी राय, ना.प्र.नंः ८१३४४४५० जारी मितिः२०६०।२।१६ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः पुरण राय यादव/ज्ञानी राय यादव ससुरा/बाजको नामः राम वृक्ष राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| रामराजी देवी राय | सर्लाही | सलेमपुर | १क | ८९४ | ०-४-४.५ |
| रामराजी देवी राय | सर्लाही | सलेमपुर | ९ख | ६११ | ०-५-० |
| रामराजी देवी राय | सर्लाही | सलेमपुर | ९क | ४६४ | ०-४-१२.५ |

**२९.-ग्राहकको नामः** महेश प्रसाद श्रीवास्तव, ना.प्र.नंः ४६५७२७०५ जारी मिति २०४३।०४।०८ जारी भएको कार्यालयःजि.का. सर्लाही बाबु/पतिको नामः अशर्फी लाल कायस्त ससुरा/बाजेको नामः कुलदीप लाल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| महेश प्रसाद श्रीबास्तव | सर्लाही | खैर्वा मोग्लाहा | २ख | ७२२ | ०-०-१० |
| महेश प्रसाद श्रीबास्तव | सर्लाही | खैर्वा मोग्लाहा | २ख | ८३० | ०-०-२ |
| महेश प्रसाद श्रीबास्तव | सर्लाही | खैर्वा मोग्लाहा | २ख | ८२७ | ०-०-१६ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| प्राभावती देवी | खौर्वा ६ सर्लाही | १९३००६/८६० | सर्लाही/मिति २०६३।१०।१३ जि.प्र.का.सर्लाही | श्रीलाल कायस्त/ महेश प्र.श्रीवास्तव | कुलदीप लाल |

**३०.-ग्राहकको नामः** लालबाबु साहनी, ना.प्र.नंः६०४२१९६२ जारी मितिः२०५१।०९।२५ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः लक्ष्मी साहनी मलाह ससुरा/बाजको नामः सीताराम सहनी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | १ | ४१९ | ०-१-२-० |
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | ८क | ५७ | ०-७-१६-० |
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | २ | २४६ | ०-१-७-० |
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | ८ग | ३२ | ०-२-१६-० |
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | ८ख | ११५ | ०-१-१३-० |
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | ८ख | १११ | ०-४-१६-० |
| लालबाबु सहनी | सर्लाही | मिर्जापुर | ८ग | ३६ | ०-०-८-० |

**३१.-ग्राहकको नामः** राम चन्द्र राय, ना.प्र.नंः७१४३०२८४ जारी मितिः२०५५।१२।१० जारी भएको कार्यालयःसर्लाही बाबु/पतिको नामः राम औतार राय यादव ससुरा/बाजको नामः महन्थ अधिकारी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| राम चन्द्र राय यादव | सर्लाही | मलंगवा | ५ | ४९ | ०,०४८९ वर्ग मिटर |

**३२.-ग्राहकको नामः** बिन्देश्वर महतो, ना.प्र.नंः८७४२१३९४ जारी मितिः२०४५।१।१५ जारी भएको कार्यालयःजि.का. सर्लाही बाबु/पतिको नामः राम अधार महतोससुरा/बाजको नामः बाबुलाल महतो

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| विन्देश्वर महतो | सर्लाही | विष्णुपुर | ८क | ११३६ | ०-०-१० |
| विन्देश्वर महतो | सर्लाही | विष्णुपुर | ८क | १३०२ | ०-०-६.२५ |

**३३-ग्राहकको नामः** शंकर पासवान दुसाध, ना.प्र.नंः १९३०५९/२२ जारी मितिः २०६३।१०।६ जारी भएको कार्यालयः जि.प्र.का. सर्लाही बाबुको नामः सुकन पासवान दुसाध बाजको नाम : मंगल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| शंकर पासवान दुसाध | सर्लाही | कविलासी | ७ | १८० | १४१.४ वर्ग मिटर |
| शान्ति देवी पा.दुसाध | सर्लाही | कविलासी | ७ | १८१ | ४१.६० वर्ग मिटर |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शान्ति देवी पा.दुसाध | कविलासी ७ सर्लाही | १९३०५९/३४७ | जि.प्र.का. सर्लाही मिति २०६३।१०।११ | शंकर पासबान | सुकन पासमान दुसाध |

**३४-ग्राहकको नामः** सिकिन्द्र पण्डित, ना.प्र.नंः२९१७५५३० जारी मितिः२०६२।१२।०८ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबुको नामःराम सेवक कुम्हार बाजेको नामः सरजुग पंडीत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सिकीन्दर पंडीत | सर्लाही | विष्णपुर | २क | १८२२ | ०-१-१२.५ |
| सिकीन्दर पंडीत | सर्लाही | विष्णपुर | २क | २२३ | ०-१-९ |

**३५-ग्राहकको नामः** लक्ष्मी साहनी मल्लाह, ना.प्र.नंः७२४००५८१ जारी मिति २०४४।११।२८ हाल ना.प्र.नं १९१०१३/१८ जारी मिति २०६४,६।१६ जारी भएको कार्यालयःजि.प्र.का.सर्लाही बाबु/पतिको नामः सीता राम साहनीससुरा/बाजको नामः सुबेदार साहनी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ७ख | ४६ | ०-५-०-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ७ख | ३९ | ०-१-१०-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ८क | ४५ | ०-२-३-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ८क | १५१ | ०-३-०-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ८क | ५५ | ०-०-१७-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ८क | १४४ | ०-३-३-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | १ | २३ | ०-२-०-० |
| लक्ष्मी सहनी मलाह | सर्लाही | मिर्जापुर | ८क | ३५ | ०-१-५-० |

**३६-ग्राहकको नामः** जय नारायण राय यादव, ना.प्र.नंः४६५७३४५९ जारी मितिः२०४८।५।६ जारी भएको कार्यालयःजि.प्र..का. सर्लाही बाबु/पतिको नामः सोनेलाल राय यादव ससुरा/बाजको नामः खेलावन राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| जय नारायण राय यादव | सर्लाही | खैर्वा मोग्लाहा | ९ | ४६० | ०-१-१५-० |
| जय नारायण राय यादव | सर्लाही | खैर्वा मोग्लाहा | ३क | ५०९ | ०-१-१६-० |
| जय नारायण राय यादव | सर्लाही | खैर्वा मोग्लाहा | ९ | ४९१ | ०-०-१८.५-० |
| जय नारायण राय यादव | सर्लाही | खैर्वा मोग्लाहा | ९ | ५१० | ०-१-६.५-० |
| जय नारायण राय यादव | सर्लाही | खैर्वा मोग्लाहा | ९ | २३६ | ०-५-१०-० |
| जय नारायण राय यादव | सर्लाही | खैर्वा मोग्लाहा | ९ | ४६१ | ०-०-१०-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सियायादव | खैर्वा ९, हाल रामनगर २ सर्लाही | १९३००६/ १५२७ | सर्लाही/२०६३।१०।२०/ जि.प्र.का.सर्लाही | जय नारायण यादव/ जागेश्वर राय यादव | सोनेलाल राय हयादव |

**३७-ग्राहकको नामः** ममता कुमारी, ना.प्र.नंः२९१७४६७० जारी मितिः२०५९।११।२० जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामः बिजुल किशोर राय /रमेश राय यादव ससुरा/बाजको नामः रघुवीर राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सधुवीर राय | सर्लाही | मुसैली | ८ | ५७६ | ०-४-६ |
| ममता कुमारी | सर्लाही | मुसैली | ९ | १०३ | ०-२-२ |
| ममता कुमारी | सर्लाही | मुसैली | ९ | ३४२ | ०-१-१०-१२ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सधुवीर राय | मुसैली ९ | १९३०३२ | सर्लाही / २०६३।१०।०१/ जि.प्र.का. सर्लाही | देव शरण राय यादव | सुकेश्वर राय |

**३८-ग्राहकको नामः** समुन्द्र देवी, ना.प्र.नंः६६१५२५३१ जारी मितिः२०५७।४।१८ जारी भएको कार्यालयः जि.का.सर्लाही बाबु/पतिको नामः दशैं राय /नन्दु राय यादव ससुरा/बाजको नामः विलास राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| समुन्द्र देवी | सर्लाही | नयां गम्हरीया | ९ | ६६ | ०-२-७-० |
| समुन्द्र देवी | सर्लाही | नयां गम्हरीया | ९ | ८२ | ०-१-१९-० |
| समुन्द्र देवी | सर्लाही | नयां गम्हरीया | ३ | १२३ | ०-३-०-० |
| समुन्द्र देवी | सर्लाही | नयां गम्हरीया | ९ | ७३६ | ०-३-१६-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको बिबरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारि भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| नन्दु राय यादव | गम्हरीया ९ सर्लाही | ६६१५२२०४ | सर्लाही /२०४१।११।२७/ जि.प्र.का. सर्लाही | विलास राय | तिलधारी राय |

(बाँकी पृष्ठ ६ मा)

# गणतन्त्र दिवसको अवसरमा खुला दौड प्रतियोगिता



चौतारा। अठारौँ गणतन्त्र दिवसका अवसरमा जिल्ला सदरमुकाम चौतारामा बुधबार खुला दौड प्रतियोगिता आयोजना गरिएको छ। जिल्ला खेलकुद विकास समितिको आयोजनामा पाँच किलोमिटर खुल्ला पुरुष, पाँच किलोमिटरमा ४० वर्षमाथिका पुरुष र तीन किलोमिटर महिला खुला दौड प्रतियोगिता भएको हो।

पाँच किमीअन्तर्गत खुला पुरुष दौडमा इन्द्रध्वज गणका सागर विक प्रथम, अमृत बयलकोटी द्वितीय र रामबहादुर सुनारी तृतीय हुनुभएको छ। विक निर्धारित दूरी १८ मिनेट १६ सेकेन्डमा पार गर्दै प्रथम हुनुभयो। बयलकोटीले १८ मिनेट ४४ सेकेन्डमा र सुनारीले १९ मिनेट सात सेकेन्डमा निर्धारित दूरी पार गर्दै द्वितीय र तृतीय हुनुभएको हो।

पाँच किमीअन्तर्गत ४० वर्षमाथिका पुरुषतर्फ चौतारा साँगाचोकगढी नगरपालिका-१३ का दुर्गाप्रसाद ढुङ्गेलले २३ मिनेट ३८ सेकेन्डमा निर्धारित दूरी पार गर्दै प्रथम हुनुभयो। सशस्त्र प्रहरीका राजु कोइरालाले २५ मिनेट ५२ सेकेन्ड र जगतबहादुर भुजेलले २६ मिनेट ३२ सेकेन्डमा निर्धारित दूरी पार गर्दै द्वितीय र तृतीय हुनुभयो।

तीन किमी महिला दौड प्रतियोगितामा चौतारा साँगाचोकगढी-७ की निमा तामाङले १७ मिनेट ४९ सेकेन्डमा निर्धारित दूरी पार गर्दै प्रथम हुनुभयो। चौतारा साँगाचोकगढी-७ कै स्मृति श्रेष्ठले १९ मिनेट ४४ सेकेन्डमा र समुना श्रेष्ठले २० मिनेट ४६ सेकेन्डमा निर्धारित दूरी पार गर्दै द्वितीय र तृतीय हुनुभयो।बुधबार भएको प्रतियोगितामा महिला तथा पुरुष गरी एक सय जनाले सहभागिता जनाएका जिल्ला खेलकुद विकास समितिका अध्यक्ष रामकृष्ण दङ्गालले जानकारी दिनुभयो।रासस

# पुटिन 'आगोसँग खेलिरहनुभएको छ'- ट्रम्प

एएफपी

वासिङ्टन। वासिङ्टनले युक्रेन युद्धलाई लिएर मस्कोविरुद्ध नयाँ प्रतिबन्धबारे विचार गरिरहेको बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार रुसी भ्लादिमिर पुटिनलाई 'आगोसँग खेलिरहनुभएको' चेतावनी दिनुभएको छ।

ट्रम्पको यो पछिल्लो आक्रमणले युद्धविराम वार्ताहरू ठप्प भएकामा उहाँको निराशा देखाएको छ र यो टिप्पणी युक्रेनमा ठूलो ड्रोन आक्रमणपछि उहाँले पुटिनलाई 'पूर्ण रूपमा पागल' भनेको दुई दिनपछि आएको हो।सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण गर्ने मस्कोले आफ्ना नागरिकहरूमाथि बढ्दो युक्रेनी आक्रमणको जवाफ दिँदै किएभले शान्ति प्रयासलाई 'अवरोध' गर्ने प्रयास गरेको आरोप लगाएको छ।हालैका हप्ताहरूमा युद्ध अन्त्य गर्ने कूटनीतिक प्रयासहरू तीव्र भएका छन् तर पुटिनमाथि शान्ति वार्ता अवरुद्ध गरेको आरोप लगाइएको छ।

"भ्लादिमिर पुटिनलाई के थाहा छैन भने यदि यो मेरो लागि नभएको भए, रूसमा धेरै नराम्रा कुराहरू भइसकेका हुन्थे, र मेरो मतलब साँच्चै नराम्रो हो। उहाँ आगोसँग खेलिरहनुभएको छ !", ट्रम्पले आफ्नो ट्रुथ सोसल नेटवर्कमा भन्नुभयो।ट्रम्पले ती 'साँच्चै नराम्रा' कुराहरू के थिए भनेर स्पष्ट पार्नुभएन।तर वाल स्ट्रिट जर्नल र सिएनएन दुवैले ट्रम्पले अब यो हप्ता नै नयाँ प्रतिबन्धहरू बारे विचार गरिरहनुभएको बताएका छन्।ट्रम्पले आइतबार पत्रकारहरूलाई 'पूर्ण रूपमा' यस्तो कदम तौलिरहेको बताउनुभयो।

**उत्तेजक**

ह्वाइट हाउसले ट्रम्पले 'सबै विकल्प' खुला राखेको बताएको छ।"यो युद्ध जो बाइडेनको गल्ती हो र राष्ट्रपति ट्रम्प वार्ताको शान्ति सम्झौता हेर्न चाहेकामा स्पष्ट हुनुहुन्छ। राष्ट्रपति ट्रम्पले बुद्धिमानीपूर्वक सबै विकल्पहरू टेबलमा राख्नुभएको छ", प्रेस सेक्रेटरी क्यारोलिन लेभिटले भन्नुभयो।

ट्रम्पका डेमोक्रेटिक पूर्ववर्ती बाइडेनले रुसको आक्रमणपछि व्यापक प्रतिबन्धहरू लगाउनुभएको थियो। ट्रम्पले अहिलेसम्म रुसी बैंकहरूमाथि आफूले भनेअनुसार 'विनाशकारी' प्रतिबन्ध लगाउनसक्ने कुरालाई बेवास्ता गर्नुभएको छ।तर ट्रम्पका हालका फटकारहरूले पुटिनप्रतिको उहाँको पहिलेको मनोवृत्तिबाट तीव्र परिवर्तन देखाएको छ। ट्रम्प प्राय पुटिनका बारेमा प्रशंसाका साथ बोल्नुहुन्छ।

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा

## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जि.ध. गा.वि.स.झोझी कलैया वडा नं. ४ हाल जनकपुरधाम उ.म.न.पा.वडा नं. १ मा बस्ने डोमी मेस्तरको नाती खटर मेस्तरको छोरा लोरीक मेस्तरको नाउँमा जि.ध. झोझीकटैया वडा नं. ८क कि.नं.२७९ क्षेत्रफल ०-१-७-० जग्गा कायम रहेकोमा निजको मिति २०५६/०६/२० मा आफ्नो कालगतिले मृत्यु भई सकेको र निजको हकभोग खाने पत्नी देवसुनर देवी मेस्तरनीको मिति २०७३/०३/२१ मा मृत्यु भई निजहरुको शेषपछि हकभोग खाने तीन छोराहरु जेठा राजकुमार मेस्तर माईला छोरा मनोज कुमार मेस्तर र कान्छा छोरा शिव्र शंकर मेस्तर भएकोमा जेठा छोरा राजकुमार मेस्तरको मिति २०७४/०३/२९ मा आफ्नो कालगतिले परलोक भई निजको हकभोग खाने पत्नि किरण देवी मेस्तरको मंजुरीले उक्त जग्गाको स्रेस्ता कायम गरी माईला छोरा मनोज कुमार मेस्तर र कान्छा छोरा शिव शंकर मेस्तरको संयुक्त नाममा नामसारी गरी पाउँ भनी द.नं.२२८७६ मिति २०८१/०१/१६ को माग निवेदन दावी भएकोले यसमा निवेदकको माग दावी अनुसारको श्रेस्ता कायम नामसार गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सुचनाबाट सबैमा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | झोझी कटैया | ८क | २७९ | ०-१-७-० |

**३९-ग्राहकको नामः** दुलारी देवी, ना.प्र.नंः१९३०५९/८७ जारी मितिः२०७०।२।२१ जारी भएको कार्यालयः जि.प्र.का.सर्लाही बाबु/पतिको नामः देव नारायण राय /मसुधन राय ससुरा/बाजको नामः शिवनन्दन राय

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| दुलारी देवी | सर्लाही | कविलासी | ८ | १४९ | ३४ वर्ग मिटर |
| दुलारी देवी | सर्लाही | कविलासी | ८ | १५९ | २९.६ वर्ग मिटर |
| दुलारी देवी | सर्लाही | कविलासी | ८ | १४८ | १७४.६वर्ग मिटर |
| दुलारी देवी | सर्लाही | कविलासी | ८ख | १४५ | ०-५-०-० |

**४०- फर्मको नामः**-राजदेवी पशुपालन फर्म दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-१२६६७/०७८/०७९ दर्ता मितिः- २०७८।११।२३ पान नं.:- ६१७९६०६४७

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| फेकनी कुमारी देवी | धनगढा ७,सर्लाही | १९३०७५/५८४ | जि.प्र.का. सर्लाही मिति २०६३।१०।२५ | शिव राय | भगवान दत राय |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा, कठ्ठा धुर |
|---|---|---|---|---|---|
| भिखारी राय यादव | सर्लाही | धनगढा | ४ख | ७८१ | ०-२-६-१४ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| भिखारी राय यादव | धनगढा ५ सर्लाही हाल बसबरीया ५, सर्लाही | २६०४३४८७ | जि.प्र.का. सर्लाही मिति २०५८।६।३० | भगवान दत राय | राम चलीतर राय |

**४१- फर्मको नामः**- अनमोल ट्रेडर्स दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-४८४३०७३।०७४ दर्ता मितिः-२०७३।०९।१३ पान नं.:-६०५५८३१३३

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| निरा कुमारी साह | खुटौना ५,हाल मलंगवा न.पा. ६ सर्लाही | ५११२ | जि.प्र.का.सर्लाही मिति २०६२।१०।१२ | राम स्वार्थ साह /प्रमोद साह | गणेश साह तेली |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| राम विनोद साह | सर्लाही | खुटौना | ५ | ३ | ००१३१.७ वर्ग मिटर |
| भगीया देवी साह तेली | सर्लाही | खुटौना | २ | २५ | ००८७.५८ वर्ग मिटर |
| भगीया देवी साह तेली | सर्लाही | खुटौना | ३ | १३९ | ०-८-३ |
| निरा कुमारी साह | सर्लाही | मलंगवा | ९ | ५३ | ५१८.०० वर्ग मिटर |
| गणेश साह तेली | सर्लाही | खुटौना | ३ | २३५ | ०-०-८ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राम विनोद साह | खुटौना ५,हाल मलंगवा न.पा. ६ सर्लाही | ४९१९१४४५ | सर्लाही /२०४५।१।१३ जि.प्र.का. सर्लाही | गणेश साह तेली | दिप लाल साह तेली |
| भगीया देवी साह तेली | खुटौना ५,हाल मलंगवा न.पा. ६ सर्लाही | ४९१९०६८६ | सर्लाही /२०४५।१।२० जि.का. सर्लाही | | |
| गणेश साह तेली | खुटौना ५,हाल मलंगवा न.पा. ६ सर्लाही | १९१०२८/१२९ | सर्लाही /२०६८।४।०३ जि.प का. सर्लाही | गणेश साह तेली | दिप लाल साह तेली |
| प्रमोद साह | खुटौना ५,हाल मलंगवा न.पा. ६ सर्लाही | | सर्लाही /२०५६।३।१५ जि.प का. सर्लाही | गणेश साह तेली | दिप लाल साह तेली |

**४२- फर्मको नामः**-ऋतिक कुखुरा फर्म दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-१०८६७/०७८/०७९ दर्ता मितिः-२०७८।०४।१५ पान नं.:-६१६१९२२९८

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राम सरीखा कुमारी | चक्रघट्टा गा.पा. ११ सर्लाही | ६९७९१३६२ | जि.प्र.का. सर्लाही मिति २०५८।११।१० | सत्यनारायण राय | नीरस राय |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| राम सरीखा कुमारी | सर्लाही | औरही | ८क | ११३७ | ०-१-९-० |
| राम सरीखा कुमारी | सर्लाही | औरही | ८क | १०२० | ०-२-०-० |
| राम सरीखा कुमारी | सर्लाही | औरही | ८क | १०२९ | ०-२-५-० |
| राज किशोर राय, नवल किशोर राय | सर्लाही | औरही | ८ | ८२ | २१० वर्ग मिटर |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राज किशोर राय | औरही ८ | १९३०३९/४२७ | सर्लाही/ मिति २०६३।१२।१०/ जि.प्र.का.सर्लाही | निरस राय | प्रगास राय |
| नवल किशोर राय | औरही ८ | १९३०३९/४२८ | सर्लाही/ मिति २०६३।१२।१०/ जि.प्र.का.सर्लाही | निरस राय | प्रगास राय |

**४३- फर्मको नामः**- रागिनी माछा पालन दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-७९६६।०७६।०७७ दर्ता मितिः-२०७६।७।४पान नं.६१२२६८२६९

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| विन्दल कुमारी यादव | मेतीपुर ६,सर्लाही, हाल कौडेना गा.पा. ४, सर्लाही | ८२८६१८७२ | जि.प्र.का. सर्लाही मिति २०५८।७।२७ | लालबाबु राय यादव | गनीपत राय |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| सुरेश प्रसाद यादव | सर्लाही | मोतीपुर | ७ | ३९२ | ०-१-४.५-० |
| सुरेश प्रसाद यादव | सर्लाही | मोतीपुर | ६ | ५८४ | ०-२-४.५-० |
| सुरेश प्रसाद यादव | सर्लाही | मोतीपुर | ६ | ५८२ | ०-१-१२-० |
| सुरेश प्रसाद यादव | सर्लाही | मोतीपुर | ७ | ३९५ | ०-३-४.५-० |
| सुरेश प्रसाद यादव | सर्लाही | कौडेना | १क | ९३५ | ०-४-७-० |
| सुरेश प्रसाद यादव | सर्लाही | मोतीपुर | ७ | ३९६ | ०-३-४.२५-० |
| सुरेश प्रसाद यादव | सर्लाही | मोतीपुर | ७ | ३८९ | ०-१-८-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सुरेश प्रसाद यादव | मेतीपुर ६,हाल कौडेना ४ सर्लाही | ८२८६१६६७ | सर्लाही मिति २०५१।६।१६ जिं.प्र.का.सर्लाही | महिन्दर राय यादव | गनीपत राय |

**४४-फर्मको नामः**-गढीमाई हिरा ईँटा उद्योग दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-७२१५।०७५।०७६ दर्ता मितिः-२०७५।१०।०४ पान नं.:-६०९१२०७६३

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राज कुमार (राय) यादव | पिपरीया २, हाल कविलासी न.पा. १ सर्लाही | ७३५९३१३४ | जि.प्र.का. सर्लाही मिति २०५८।८।१४ | राम ईश्वर राय यादव | जनक लाल यादव |
| राम कुमारी देवी | पिपरीया २, हाल कविलासी न.पा. १ सर्लाही | १९१०६४/९० | जि.प्र.का. सर्लाही मिति २०६५।०४।२७ | बाबु :राम शरण साह पतिः गजेन्द्र साह कलवार | सत्य नारायण साह |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| पुनेती देवी यादव,िविनोद राय, राज कुमार यादव,दिनेश राय | सर्लाही | पिपरीया | ३ख | २५ | ०-५-६ |
| पुनेती देवी यादव,िविनोद राय, राज कुमार यादव,दिनेश राय | सर्लाही | पिपरीया | ३ख | २८ | ०-३-१० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| पुनेती देवी यादव | पिपरीया २ हाल कविलासी न.पा. १ सर्लाही | १९३०९३/६४१ | सर्लाही /२०६३।१०।१९/ जि.प्र.का.सर्लाही | राम ईश्वर राय /धनुष राय | जनक लाल यादव |
| बिनोद राय | पिपरीया २ हाल कविलासी न.पा. १ सर्लाही | २२५ | सर्लाही /२०४५।१।४ / जि.प्र.का.सर्लाही | राम ईश्वर राय | जनक लाल यादव |
| राज कुमार यादव | पिपरीया २ हाल कविलासी न.पा. १ सर्लाही | ७३५९३१३४ | सर्लाही /२०४५।८।१४ /जि.प्र.का.सर्लाही | राम ईश्वर राय | जनक लाल यादव |
| दिनेश राय | पिपरीया २ हाल कविलासी न.पा. १ सर्लाही | २२७९ | सर्लाही /२०४५।१।५/ जि.प्र.का.सर्लाही | राम ईश्वर राय | जनक लाल यादव |

**४५-फर्मको नामः**- गंगिया माछा पालन दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-८७२९।०७७।०७८ दर्ता मितिः-२०७७।५।२५ पान नं.:६१३६२९२७८

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गंगीया कुमारी देवी | सहोडवा ५ सर्लाही हाल बसबरीया गा.पा. ६सहोडवा, सर्लाही | १९-०१-७३-०४७८६ | जि.प्र.का. सर्लाही मिति २०७३।४।१८ | महेन्द्र राय/ राम भरोस राय | राम भरोस राय |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| किशोरी राय यादव | सर्लाही | गिरीया सहोडवा | ६ | ३९८ | ०-१-०-० |
| किशोरी राय यादव | सर्लाही | गिरीया सहोडवा | ६ | ९८ | ०-५-१९-० |
| किशोरी राय यादव | सर्लाही | गिरीया सहोडवा | ६ | ४०० | ०-०-११-४ |
| किशोरी राय यादव | सर्लाही | गिरीया सहोडवा | ६ | ९६ | ०-१-१५-० |
| किशोरी राय यादव | सर्लाही | गिरीया सहोडवा | ६ | ९७ | ०-११-१५-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| किशोरी राय यादव | हेमपुर ७,सर्लाही | ३७२०३०३२ | सर्लाही/२०५१।२।१२/ जि.प्र.का.सर्लाही | राम भरोस राय | फौचाई राय |
| राधवेन्द्र कुमार यादव | सहोडवा ५,हाल बसबरीया गा.पा. ६,सर्लाही | १९-०१-७३-०८४४२ | सर्लाही/२०७३।८।०६/ जि.प्र.का.सर्लाही | किशोरी राय यादव | राम भरोस राय |

**४६-फर्मको नामः**- सीता बहु उद्देश्य पशुपन्छी माछा पालन फर्म दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-४८७४।०७७।०७८ दर्ता मितिः-२०७७।१२।१९ पान नं.:- ६१५६८६३६३

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| उमेश राय यादव | सहोडवा ५ सर्लाही | १९३०८०/४४४ | जि.प्र.का.सर्लाही २०६३।१२।१८ | सिया राम यादव | दुवरी राय यादव |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| फुलवा कुमारी | सर्लाही | मलंगवा | ९ | ६३ | ८४.६५ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| फुलवा कुमारी | बसबरीया गा.पा. ६ सर्लाही | १०९५/३५५८ | रौतहट २०६६।१२।२५ | उमेश राय यादव | सियाराम राय |

**४७-फर्मको नामः**- शिलु इन्टरप्राइजेज दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-१८४५७।०५९।०६० दर्ता मितिः-२०५९।१२।१३ पान नं.:-३०१३१०२४२

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| हरि बन्धु कुमार गुप्ता | ब्राहम्पुरी ४, सर्लाही | १७२६४६२० | जि.प्र.का. मिति २०५७।११।२४ | राम अशिष प्रसाद गुप्ता | राम खेलावन साह |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| आशा देवी गुप्ता | सर्लाही | ब्राहम्पुरी | ४ | २४ | ०,००७८.४२ वर्ग मिटर |
| हरि बन्धु कुमार गुप्ता | सर्लाही | ब्राहम्पुरी | ४ | २६ | ०,०११५.०० वर्ग मिटर |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| आशा देवी गुप्ता | ब्राहम्पुरी ४ सर्लाही | ज.स. १२७४/१२३१ | सर्लाही/ २०५३।६।१४/ जि.प्र.का.सर्लाही | संजय कुमार गुप्ता/ शिवशरण साह | राम खेलावन साह |

**४८-फर्मको नामः**- राजेन्द्र आयल सेन्टर दर्ता भएको कार्यालयः घरेलु ताथा साना उधोगको कार्यालय दर्ता नं.:-८३८९।०५४।०५५ दर्ता मितिः-२०५४।८।१३ पान नं.:-३००१५३९९०

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| जीतेन्द्र कुमार साह | भेल्ही ५ सर्लाही हाल ब्रह्मपुरी गा.पा. ३ सर्लाही | १३७३१३२९ | जि.प्र.का.सर्लाही मिति २०४३।८।४ मिति २०६०।१।३ को प्रथम प्रतिलिपी अनुसार र फेरि मिति २०७०।१।५ प्रथम प्रतिलिपी अनुसार २०४४।८।४ | जदुवंश साह तेली | शिव शंकर साह |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा/गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल/बिगाहा,कठ्ठा धुर |
|---|---|---|---|---|---|
| जीतेन्द्र कुमार साह | सर्लाही | ब्रह्मपुरी | १ख | २४१ | १-१४-० |
| जीतेन्द्र कुमार साह | सर्लाही | ब्रह्मपुरी | १ख | ६९ | १-१४-० |
| जीतेन्द्र कुमार साह | सर्लाही | ब्रह्मपुरी | १ख | ७० | १-१-० |
| जीतेन्द्र कुमार साह | सर्लाही | ब्रह्मपुरी | ४क | १५५ | ०-१-१० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रेखा साह | भेल्ही ५ सर्लाही, ब्रहमपुरी गा.पा.३ सर्लाही | ३२३६ | सर्लाही /मिति २०५८।५।८ जिं.प्र.का. सर्लाही | जीतेन्द्र कुमार साह/ शिवध्यान साह | जादुवंश साह तेली |
| शान्ति देवी साह | भेल्ही ३ सर्लाही | १३७३१२२३ | सर्लाही/ मिति २०४४।११।२५ जि.का. सर्लाही | जदुवंश साह तेली | शिवशंकर साह |

**शर्तहरू :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।

(बाँकी पृष्ठ ७मा)

# प्रत्येक स्थानीय तहमा सहरी केन्द्र विकास गरिने



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले प्रत्येक स्थानीय तहमा सहरी केन्द्र विकास गरिने बताउनुभएको छ ।

राष्ट्रियसभामा उठेका प्रश्नको जवाफ दिँदै उहाँले ग्रामीण सहरीकरणअन्तर्गत गाउँमा सहरी सुविधा पुऱ्याउन 'ग्रामीण सहरीकरण' अवधारणाअन्तर्गत प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सानो सहरी केन्द्र (साना बजार, स्वास्थ्य केन्द्र र सामुदायिक भवन) विकास गर्ने योजना रहेको बताउनुभयो ।

यस योजनाले गाउँका बासिन्दालाई सहरी सुविधा गाउँमै उपलब्ध गराइने मन्त्री सिंहले बताउनुभयो । "सहरी विकास मन्त्रालयले नेपालको दिगो र समावेशी सहरीकरणका लागि स्पष्ट खाका तयार गरेको छ । हाम्रो मुख्य उद्देश्य भनेको गाउँ र सहरबीचको असमानता हटाई समग्र देशलाई आधुनिक, समृद्ध र व्यवस्थित सहरी प्रणालीमा रूपान्तरण गर्नु हो । यसका लागि हामीले निम्न अवधारणा र योजनाहरू कार्यान्वयनमा ल्याएका छौँ", उहाँले भन्नुभयो, " हामीले गाउँ र सहरलाई जोड्ने गरी एकीकृत सहरी विकासको अवधारणा अघि सारेका छौँ । यसअन्तर्गत ग्रामीण क्षेत्रमा आधारभूत सहरी सुविधाहरू (जस्तैः सडक, खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षा) पुऱ्याउने र सहरी क्षेत्रमा ग्रामीण उत्पादनलाई बजारसँग जोड्ने योजना रहेको छ । यसले गाउँ र सहरबीचको खाडल कम गर्नेछ ।"

उहाँका अनुसार नयाँ सहर आयोजनाअन्तर्गत नेपाल सरकारले मध्यपहाडी क्षेत्रमा पर्ने १० वटा सहरलाई कम्तीमा एक लाख जनसङ्ख्यालाई आवास सुविधा प्राप्त हुने गरी 'ल्याण्ड पुलिङ' अवधारणामा नयाँ सहरको रूपमा विकास गर्ने कार्यक्रम अगाडि बढाएको छ ।

"स्मार्ट सिटी परियोजनाअन्तर्गत नेपालका प्रमुख सहरहरू (जस्तैः काठमाडौँ, पोखरा, बुटवल) लगायत अन्य १० वटा सहरलाई स्मार्ट सिटीको रूपमा विकास गर्न हामीले डिजिटल प्रविधि, हरित ऊर्जा, र व्यवस्थित यातायात प्रणालीलाई प्राथमिकता दिएका छौँ", मन्त्री सिंहले भन्नुभयो, "यसले सहरहरूलाई वातावरणमैत्री र आधुनिक बनाउनेछ । नेपाल सरकारले हालै नेपालको स्मार्ट सहरको रूपरेखा तय गर्न स्मार्ट सिटी इन्डिकेटर, २०८२ स्वीकृत गरको छ ।"

"पुराना सहरहरूको संरचनात्मक र सामाजिक दुवै पक्षमा ध्यान दिएका छौं । काठमाडौँ, ललितपुर, भक्तपुर, वीरगञ्ज, जनकपुरजस्ता पुराना सहरको संरचना जीर्ण भइसकेको र अव्यवस्थित बस्ती बढ्दै गएको अवस्था छ ।

यसलाई समाधान गर्न हामीले विभिन्न कदम चालेका छौँ", मन्त्री सिंहले भन्नुभयो, "पुराना सहरहरूमा रहेका सम्पदाहरू (जस्तैः दरबार क्षेत्र, मन्दिर, चोक) को संरक्षण गर्दै तिनलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने योजना रहेको छ । यसले ती क्षेत्रको सांस्कृतिक महत्त्व जोगाउनुका साथै आर्थिक सम्भावना समेत वृद्धि गरिने छ ।"

सडक विस्तार र ढल व्यवस्थापनः पुराना सहरहरूमा सडक साँघुरो र ढल प्रणाली अव्यवस्थित रहेको भन्दै सडक विस्तार, ढल व्यवस्थापन र फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य गरेर एकीकृत सहरी पूर्वाधार विकास परियोजनाहरू सञ्चालन गरिएको उहाँको भनाइ छ । मन्त्री सिंहका अनुसार सार्वजनिक यातायात र हरियाली प्रवर्द्धनअन्तर्गत पुराना सहरमा ट्राफिक जाम र प्रदूषणको समस्या समाधान गर्न सार्वजनिक यातायातलाई प्राथमिकता दिइएको र हरियाली प्रवर्द्धनका लागि पार्क र खुला क्षेत्रहरूको निर्माण भइरहेको छ । रासस

## सगरमाथा देखेपछि आरोही भन्छन् :

# वाऊ ! इट्स् अमेजिङ

काठमाण्डु । आँखा अगाडि सेताम्मे हिम चुचुरा देख्दा चिनियाँ सगरमाथा आरोही सिओजुले आफूलाई हिमालै अङ्गालोमा बेरेझैं अनुभूति भएको प्रतिक्रिया दिनुभयो । 'वाऊ ! इट्स् अमेजिङ एभरेष्ट, आइ नेभर फर्गेट' ( आहा ! यो अत्भूत छ, म यसलाई कहिल्यै भुल्ने छैन) जहाजको झ्यालबाट सगरमाथातर्फ नजरलगाइरहेका सिओजुले पुनः भन्नुभयो, "नेपाल साच्चिकै सुन्दर छ, यहाँको प्राकृतिक सुन्दरता र सेता हिमालले जो कोहीलाई मोहित तुल्याउँछ, जुन विश्वकै गौरवको विषय हो ।" माउन्टेन फ्लाइट जीवनकै अविष्मरणीय भएको उहाँले बताउनुभयो ।

अर्का चिनियाँ आरोही वाङसु छाले पनि हिमालय क्षेत्रको अवलोकन गर्न पाउँदा खुशीको सिमान नरहेको बताउनुभयो । "आश्चर्यजनक छ, खुशीको सीमै रहेन", उहाँले थप्नुभयो । आफ्नो सगरमाथा आरोहणको अनुभवको जानकारी गराउँदै उहाँले नेपालतर्फबाट सगरमाथाको भूवनोट नयाँ र अनुपम लागेको प्रतिक्रिया दिनुभयो ।

नजिकैबाट सगरमाथासहितका सुन्दर हिमाल हेर्दा भारतको गुजरातका निलिस बर्टलाई निलेस् बर्टमा पनि खुसीको सीमा थिएन । सगरमाथा आरोही विद्यार्थीलाई सँगै लिएर गएका बर्टले आफ्नो वर्षौंदेखिको सगरमाथालाई नजिकबाट साक्षात्कार गर्ने सपना पूरा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "असाध्यै राम्रो अनुभव भयो, मेरो वर्षौंदेखिको सपना पूरा भयो ।"




नेपालको अनुपम प्राकृतिक सुन्दरता हेर्न अफू पटक-पटक नेपाल आउने गरेको उहाँको भनाइ थियो । काठमाडौँमा मङ्गलबार आयोजनाभएको 'अन्तरराष्टियएभरस्ट समिटर्स समिट-२०२५' का सहभागी भारत, चीनलगायत विभिन्न मुलुकका सगरमाथा आरोहीलाई नेपालको हिमाली सौन्दर्यको अवलोकन गराइएको छ । आज बिहान पर्वतीय उडान (माउन्टेन फ्लाइट) मार्फत उनीहरूलाई विश्वको सर्वोच्च शिखर सगरमाथासहितका हिमालको दृश्यावलोकन गराइएको हो ।

नेपाल बिग माउन्टेनका उपाध्यक्ष सुजित रेग्मीका अनुसार बुद्ध एयरको एटीआर विमानमार्फत माउन्टे फ्लाइट गराइएको हो । भारत, चीन, बेलायत, मेक्सिकोलगायत मुलुकका ५० आरोहीले हिमाली दृश्यावलोकन गरेका हुन् ।

काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट बिहान ६ बजेर ४० मिनेटमा उडेको विमान करिब एक घण्टाको उडानपछि पुनः काठमाडौँ विमानस्थलमै अवतरण भएको थियो । लाङटाङ हिमालदेखि सगरमाथा हिमाल क्षेत्रसम्मको हिम चुचुरोको दृश्यावलोकन गरिएको थियो । निजी वायुसेवा कम्पनी बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, गुण एयरलगायतले पर्वतीय उडान गर्दै आएका छन् । राजधानी काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट बिहान ७ बजे पर्वतीय उडान हुने गरेको छ । पर्वतीय उडान करिब एक घण्टाको हुन्छ । विमानस्थलबाट सुरू हुने यो उडानमा सगरमाथा, मकालु, नुप्से, गौरीशङ्करलगायत अन्य हिमशृङ्खलाको मनोरम दृश्य हेर्न सकिन्छ । अनुपम प्राकृतिक सुन्दरता भूधरातलीय स्वरूपको आकर्षणले स्वदेशी तथा विदेशीलाई मोहित तुल्याउँछ ।पर्वतीय उडानका दौरानमा आखा अगाडि सेताम्मे हिम चुचुरा देख्दा विदेशी पाहुना मोहित भए। अजङ्गसँग फैलिएका हिमशृङ्खला आकाशबाट हेर्दा अँगालोमा बेर्न सकिनेजस्तै देखिए । बादलुको घुम्टोमाथि चाँदीझैं टल्किएका सुन्दर हिमालको मनमोहक दृश्यवादन गरेर सगरमाथा आरोही फर्किए ।

बिहानीको पारिलो घाम । आकाशमा बादलको लुकामारी। चाँदीझैं टल्किने हिमालले पर्वतीय उडानलाई बेग्लै रौनक थपेको थियो । नेपालमा आठ हजार मिटरभन्दा अग्ला आठ वटा हिमाल रहेका छन् । विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा विश्वभरका आरोहीको सपनाको हिमाल पनि हो । सगरमाथासहितका विभिन्न हिमाल आरोहण गर्न उल्लेख्य सङ्ख्यामा विदेशी आउँछन् ।

अन्तरराष्ट्रिय सगरमाथा आराहीहरूका विशेष जमघट 'अन्तरराष्टिय एभरेस्ट समिटस समिट-२०२५' पहिलो पटक काठमाडौँमा आयोजना गरिएको हो । एभरेस्ट एलायन्स नेपालले आयोजना गरेको समिटमा २५ देशका ३०० भन्दा बढी अनुभवी पर्वतारोहीको सहभागिता थियो । सम्मेलनमा भारत, चीन, अमेरिका, पाकिस्तान, बेलायत, इटाली, नर्वे, इरान, सिङ्गापुर, अस्ट्रेलिया, लेबनान, मोरक्को, युएईलगायतका मुलुक सहभागी थिए ।रासस

# कृषकलाई औजार वितरण

म्याग्दी । म्याग्दीको रघुगङ्गा गाउँपालिका-५ भिँका कृषकलाई परम्परागत बाली जौँ र उवा उत्पादन तथा 'ब्राण्डिङ' गर्न कृषकलाई अनुदानमा कृषि औजार वितरण गरिएको छ ।

गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत भिँका परम्परागत जौँ र उवा बालीको व्यावसायिक खेतीको विकास र किसानको आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन भएको परियोजनामार्फत कृषि औजार वितरण गरिएको हो । पचहत्तर प्रतिशत अनुदानमा ६७ जना कृषकलाई ३० वटा मिनिटेलर हलो, १८ वटा थ्रेसर मेसिन, १९ वटा कम्बाइन मेसिन वितरण गरिएको रघुगङ्गा गाउँपालिकाको कृषि अधिकृत दिपकराज जोशीले जानकारी दिनुभयो ।

थप ८२ वटा जौ, उवा र कोदो तथा घाँस काट्ने ब्रस कटर, एक सेट कुकीज उत्पादन गर्ने मेसिन, १६६ थान त्रिपाल, १०० वटा ३०० किलोग्राम तौल क्षमताको मेटल बिन दोस्रो चरणमा वितरण गरिने उहाँले बताउनुभयो । सिँचाइका लागि २० एमएमको चार हजार ३६४ मिटर, २५ एमएमको एक हजार ५००, ३२ एमएमको चार हजार २०० र ४० एमएमको २०० मिटर पाइप वितरण गर्ने क्रममा रहेको कृषि अधिकृत जोशीले बताउनुभयो ।

रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारी, वडा अध्यक्ष मनबहादुर शेरमन्जा र कृषि अधिकृत जोशीले मङ्गलबार कृषि औजार वितरण गर्नुभएको थियो । रासस

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं ।**

**जनकनन्दिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खजुरी, धनुषा**

## आशय पत्रको सूचना

**प्रकाशित मितिः २०८२/२/१५**

जनकनन्दिनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८१/८२ अन्तर्गत मिति २०८१/१२/०४ मा प्रकाशित सूचना ठेक्का नं. JRM/NCB/WORKS/01/2081/082 को आशय पत्रको सूचना https://janaknandinimun.gov.np बाट डाउनलोड गर्न/हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**मधेश कृषि विश्वविद्यालय**
**राजविराज न.पा.-३, सप्तरी,**
**मधेश प्रदेश, नेपाल**

## डीन, अनुसन्धान निर्देशक तथा परीक्षा नियन्त्रकहरूको पदपूर्ति सम्बन्धि सूचना

**(प्रथमपटक प्रकाशित मिति २०८१/०१/२५)**
**(दोस्रोपटक प्रकाशित मिति २०८२/०२/१५)**

यस विश्वविद्यालयमा देहाय बमोजिमका पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकालेमिति २०८१/०१/२५ मा प्रथम पटक सूचना प्रकाशित भएकोमा पर्याप्त संख्यामा आवेदन प्राप्त हुन नसकेकोले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दस्तुर बुझाएको प्रमाण, बायोडाटा, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवको प्रमाणपत्र Scan गरि mau@mau.edu.np मा रितपूर्वक दरखास्त पेश गर्नुहुन दोस्रो पटक पुनः यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | डीन | १ | कृषि/पशु/मत्स्य विषयमा स्नातकोत्तर उत्तीर्ण भई कम्तिमा सहप्राध्यापक पदमा कार्य गरेको अनुभव प्राप्त व्यक्ति/पिएचडी गरेकोलाई ग्राह्यता । |
| २ | अनुसन्धान निर्देशक | १ | कृषि विषयमा पिएचडी गरेको र अनुसन्धान संस्थामा कम्तिमा दस वर्ष काम गरेको अनुभव वा सहप्राध्यापक पदमा कार्य गरेको अनुभव प्राप्त व्यक्ति । |
| ३ | परीक्षा नियन्त्रक | १ | कम्तिमा स्नातकोत्तर उत्तीर्ण भइ सहप्राध्यापक पदमा कार्य गरेको तथा परीक्षा व्यबस्थापनको सम्बन्धमा अनुभव प्राप्त व्यक्ति/पिएचडी गरेकालाई ग्राह्यता |

**पदपूर्ति सम्बन्धि अन्य शर्तहरु :**

१. दरखास्त दिने अवधि : मिति २०८२/०२/१५ देखि मिति २०८२/०२/२९ सम्म
२. उमेरको हद : ४५ वर्ष पुरा भई ६५ वर्ष ननाघेको ।
३. परीक्षाको किसिम र समय : प्रस्तुतीकरण/प्रयोगात्मक कक्षा र अन्तर्वार्ता ।
४. आवेदन दस्तुर रु. १५००/०० (अक्षरुपि एक हजार पांच सय) मात्र यस मधेश कृषि विश्वविद्यालयको नाममा प्रभु बैंक, राजविराज, सप्तरीको खाता नं. ०६९०१५४२१८७०००१२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न गर्नु पर्नेछ ।
५. परीक्षाको मिति र समय : सम्पर्क मितिमा तोकिनेछ ।
६. सम्पर्क मिति पछि तोकिनेछ र बिस्तृत जानकारीका लागि विश्वविद्यालयको वेबसाइट www.mau.edu.np मा हेर्न सकिनेछ ।

**विश्वविद्यालय प्रशासन**

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**मधेश प्रादेशिक, कार्यालय जनकपुरधाम**

## लिलाम गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/१५ गते**

खाद्य व्यवस्था तथा व्यापार क.लि. श्री मानव संशाधन विभाग (आन्तरिक व्यवस्थापन शाखा) प्रधान कार्यालय काठमाडौंको प.सं.२०८१/०८२ च.नं.३६० मिति २०८२/०२/१४ गतेको पत्रानुसार यस प्रादेशिक कार्यालयमा रहेको निम्नानुसारको सामानहरु लिलाम गर्नु पर्ने भएकोले सकार गर्न ईच्छुक व्यक्ति, फर्म, संघ संस्था वा कम्पनीले देहाए बमोजिमका सर्तहरुको अधिनमा रहनेगरी यस कार्यालयवाट हुने लिलाम बढाबढमा भाग लिनको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

१. लिलाम गर्नुपर्ने मालसामानहरुको विवरणः-

| सि. नं. | मालसामानहरुको नाम | परिमाण | न्यूनतम मूल्य प्रति एकाई (रु) | न्यूनतम कायम मूल्य (रु) |
|---|---|---|---|---|
| १. | जुटको बोरा (७० के.जी. क्षमताको) | १,९८९ | रु.१ | रु.१,९८९/- |
| २. | प्लाष्टिक बोरा (३० के. जी. क्षमताको) | १०५ | रु.०/४८ | रु.५०/४० |
| ३. | जुटको बोरा (४० के.जी. क्षमताको) | ४,६०१ | रु.१ | रु.४६०१/- |
| ४. | प्लाष्टिक बोरा (१० के.जी. क्षमताको) | ४३,४६५ | रु.०/२७ | रु.११,७३५/५५ |
| | जम्मा रकम | | | रु.१८,३७५/९५ |

२. **लिलाम बढावढ हुने स्थान समय र मितिः** श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रादेशिक, कार्यालय जनकपुरधाममा दिनको २:०० बजे देखि ४:०० बजे सम्म मिति २०८२/०२/२१ गते
३. लिलाम वढावढ न्यूनतम कायम मूल्यवाट शुरु हुनेछ ।
४. लिलाम शुरु हुनु अघी न्यूनतम कायम मूल्यको ५ प्रतिशतको दरले हुने रकम नगद धरौटी राख्न र बढाबढ वढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने छ ।
५. लिलाम बढाबढ हुने दिन बिदा पर्न गएमा भोली पल्ट वा कार्यालय खुलेको दिन उल्लेखित समयमा उक्त कार्य हुने छ ।
६. लिलाम वढावढमा भाग लिने फर्म, संघ संस्था वा कम्पनीले फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. वा भ्याटमा दर्ता भएको प्रमाण पत्र र आ.व.२०८०/८१ सम्मको करचुक्ता प्रमाण पत्र तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र स्थायी लेखा नं. भएमा सोको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।
७. लिलाम वढावढमा भाग लिई सकार गर्ने व्यक्ती वा संघ संस्थाले सकार गरेको अंक स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रादेशिक, कार्यालय जनकपुरधाममा सुरक्षित रहने छ ।
८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ५ (पाँच) दिन भित्र सकार गरेको तथा नियम अनुसार लाग्ने कर रकम बुझाई आफ्नो खर्चमा सामान उठाई लैजानु पर्ने छ ।
९. यस सम्बन्धमा केही बुझ्नु परे तथा लिलाम हुने मालसामान हेर्न कार्यालय खुलेको समय भित्र यस कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराईन्छ ।
१०. सूचनामा उल्लेखित नभएका विषयहरुको हकमा नेपालको प्रचलित नियम कानुनमा भएको व्यवस्था अनुसार हुने छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**प्रादेशिक, कार्यालय जनकपुरधाम**
**सम्पर्क नं.९८५४०२७२४७**

# अतिक्रमित जग्गा खाली गराइँदै



**सञ्जय मिश्र**

रौतहट । डिभिजन वन कार्यालय रौतहटले वन अतिक्रमण हटाउने देखि चोरी तस्करी नियन्त्रणमा विशेष अभियान चलाउने भएको छ । डिभिजन प्रमुख हेमन्त प्रसाद साहको सक्रियता र वन कर्मचारी तथा सशस्त्र वन रक्षक टोलीले अतिक्रमणको चपेटमा परेको वनको जग्गा खाली गराउन र चोरी तस्करी नियन्त्रणका लागि अभियानलाई तीव्रता दिने भएको छ । अभियानअन्तर्गत मंगलबार वृन्दावन नगरपालिका-१ स्थित भोटे टोलको वन अतिक्रमण हटाइएको छ ।

वृन्दावन सब डिभिजन वन कार्यालय बलरीका वन अधिकृत ललन राउत कुर्मीको कमाण्डमा डिभिजन वन कार्यालय, वृन्दावन सब डिभिजन वन कार्यालय बलरी र चेतनगर पोस्टका वन कर्मचारी तथा सशस्त्र बन रक्षकको संयुक्त गस्ती टोलीले भोटे टोलको विभिन्न पाँच स्थानमा करिब १ बिघा क्षेत्रफल वन अतिक्रमण गरी लगाइएको अदुवा, बेसार, केरा र तरकारी खेती नष्ट गर्नुका साथै स्थानीयले बनाएको घरटहरा भत्काइएको डिवीजन प्रमुख हेमन्त प्रसाद साहले जानकारी दिए ।

यस अघि डिभिजन प्रमुख साहको सक्रियतामा चालु आर्थिक वर्षको साउन देखि वैशाख मसान्तसम्म राष्ट्रिय तथा सामुदायिक वनबाट तस्करले अवैध रुपमा कटान गरी लैजाँदै गरेको विभिन्न जातको बाजार मुल्य २० लाख भन्दा बढी पर्ने ५२६ क्युफिट काठ बरामद गरिएको छ ।

उक्त अवैध काठ ढुवानी गर्न प्रयोग गरिएको ट्रक, ट्रैक्टर, ४ थान पिकअप गाडी साइकल र मोटरसाइकल सहित २६ वटा सवारी साधन बरामद गरिएको प्रमुख साहले बताए ।

त्यसैगरी सोही अवधिमा काठको चोरी तस्करीमा संलग्न २६ जना तस्करलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको छ । ती तस्करहरुबाट जरिवाना तथा धरौटी स्वरुप कूल २५ लाख,६५ हजार ९६६ रुपैयाँ राजश्व दाखिला गरिएको डिवीजन प्रमुख हेमन्त प्रसाद साहले बताए ।

वृन्दावन राष्ट्रिय वन, पौराई राष्ट्रिय वन, धनसर राष्ट्रिय वन, अन्तर्गत , फूलबारी, खयरधारी र भुलटार क्षेत्रलगायतका स्थानहरूमा विभिन्न व्यक्तिले अतिक्रमण गरी खेतीबारी गर्दै आएको १२.७४७ हेक्टर वन क्षेत्रको जग्गा अतिक्रमण उक्त गरिएको छ ।

वन कर्मचारीको सक्रियतामा ती जग्गामा व्यक्तिले लगाएको तारबार हटाइ पुनः वन क्षेत्र कायम गरिएको छ भने कतिपय स्थानमा वृक्षारोपण गरिएको छ ।

अतिक्रणकारीलाई कारबाही स्वरूप मुद्दा दायर गरिएको छ ।

भुलटार क्षेत्रको बनको जग्गा अतिक्रमण प्रकरणमा स्थानिय बीरबहादुर लोप्चन माथि बन एन अनुसार कारबाही प्रक्रिया अगाडि बढाइएको डिभिजन बन कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

वगतमा हिन्दूहरूको चाडँपर्वको समयमा वन कर्मचारी विदामा जाँदा काठको चोरी तस्करी बढ्ने गरेको देखिएकाले अब चाँड पर्वमा पालो पालो विदा दिने गरेको डिभिजन प्रमुख साहले बताए ।

त्यस्तै राष्ट्रिय तथा सामुदायिक वन संरक्षणका लागि २४ औं घण्टा निगरानी र अनुगमन कार्य थप प्रभावकारी बनाइएको डिभिजवबन कार्यालय रौतहटले जनाएको छ ।

# शहीद परिवारको समस्या समाधानका लागि सरकारद्वारा समिति गठन

**प्रदेश सरकारको प्रतिनिधित्व गर्ने वार्ता समितिमा गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी, प्रदेश सचिव विमलप्रसाद बराल, उपसचिव गणेश नायक र कानुन अधिकृत लक्ष्मण राई रहनेछन् । अब संघर्ष समितिबाट पनि पाँच जना प्रतिनिधि तोकिएपछि वार्ता प्रारम्भ हुने जनाइएको छ ।**




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश आन्दोलनमा शहादत दिएका शहीद परिवार र घाइतेहरूको लामो समयदेखिको समस्या समाधानका लागि मधेश प्रदेश सरकारले पाँच सदस्यीय समिति गठन गरेको छ ।

आन्दोलनरत रहेका शहीद परिवारजनको समस्या समाधानका लीग संवाद थाल्न प्रदेश सरकारले संघर्ष समितिलाई वार्ता टोलीका लागि पाँच जना सदस्यीय समिति प्रतिनिधि गठन गर्न आग्रह गरेको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयमार्फत कानुन अधिकृत लक्ष्मण राईको हस्ताक्षरमा पठाइएको पत्रमा जेठ १३ गतेको मन्त्रीस्तरीय निर्णयअनुसार आन्दोलनमा परेका शहीद परिवार तथा घाइतेहरूका समस्या र गुनासा सम्बोधन गर्न वार्ता प्रक्रिया प्रारम्भ गर्न लागिएको उल्लेख गरिएको छ ।

प्रदेश सरकारको प्रतिनिधित्व गर्ने वार्ता समितिमा गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखी, प्रदेश सचिव विमलप्रसाद बराल, उपसचिव गणेश नायक र कानुन अधिकृत लक्ष्मण राई रहनेछन् । अब संघर्ष समितिबाट पनि पाँच जना प्रतिनिधि तोकिएपछि वार्ता प्रारम्भ हुने जनाइएको छ ।

जनकपुरधाममा बुधबार पनि शहीद परिवारले आन्दोलनलाई निरन्तरता दिएका छन् ।उनीहरूले वर्षौंको संघर्ष र निरन्तर छलफलपछि अझै पनि आफूहरूको गुनासा सुनुवाइ नभएको गुनासो गर्दै आएका छन् ।

संघर्ष समितिका संयोजक अवधेश प्रसाद पटेलले हामी १६ वर्षदेखि आन्दोलन आएको जनाउँदै अहिलेसम्म प्रदेश सरकारबाट आश्वासन मात्रै पाइरहेको गुनासो गरे । अब व्यवहारमै समाधान देखिनुपर्छ । उनका अनुसार सरकारले पहिले गरेका निर्णयहरू उल्ट्याइने प्रवृत्तिले आन्दोलनरत पक्षको विश्वास टुटेको बताए ।

संघर्ष समितिले सरकारसँग मधेशी शहीद प्रतिष्ठानमा तत्काल नियुक्ति प्रक्रिया शुरु गर्न, शहीद तथा घाइते परिवारका सदस्यहरूलाई स्वास्थ्य बीमाको पहुँचमा ल्याउन, ती परिवारका बालबालिकाहरूलाई छात्रवृत्तिको सुविधा दिन, 'एक परिवार, एक रोजगार' कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र अघिल्ला सरकारका निर्णयहरू पुनः लागू गर्ने सुनिश्चितता दिन मुख्य मागहरू राखेका छन् ।

सो संघर्ष समितिले बारम्बार ज्ञापनपत्र, प्रदर्शन र बैठकहरू गरेको भए पनि पछिल्ला मुख्यमन्त्रीहरूमध्ये कसैले पनि ठोस निर्णय नगरेको आरोप लगाएको छ । पूर्वमुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा 'शहीद सम्मान कोष', 'एक परिवार, एक रोजगार', छात्रवृत्ति लगायतका कार्यक्रमहरू घोषणा गरिएको भए पनि अहिले ती योजनाहरू 'पुनरावलोकन' को नाममा रोकिएको समितिको आरोप लगाए ।

सो संघर्ष समितिले वार्ताको स्वागत गरे पनि यसलाई केवल औपचारिकता नबनाइ ठोस कार्यान्वयनमा परिणत गर्न आग्रह गरेका छन् ।

# प्रदेशसभाको अधिवेशन जेठ २१ गते आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभाको पाँचौ अधिवेशन यही जेठ २१ बुधबारदेखि हुने भएको छ ।

मधेश प्रदेशको प्रदेश प्रमुखको कार्यालयले जनाए अनुसार प्रदेशसभाको बैठक बुधबार दिउँसो १ बजेका लागि आह्वान गरिएको छ ।

प्रवक्ता शत्रुधन यादवले जारी गरेको विज्ञप्ति अनुसार प्रदेशसभाको पाँचौ अधिवेशन आह्वान गर्ने निर्णायानुसार सिफारिस भइ आए बमोजिम नेपालको संविधान धारा १८३ को उपधारा १ बमोजिम वि.सं. जेठ २१ गतेका लागि आह्वान गरिएको छ ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ का लागि नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुतिका लागि अधिवेशन आह्वान गरिएको जनाइएको छ ।

# गणतन्त्र दिवसको पूर्वसन्ध्यामा सरसफाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । गणतन्त्र दिवस २०८२ को पूर्वसन्ध्यामा मधेश प्रदेश सरकार अन्तर्गतको गृह, सञ्चार तथा कानुन मन्त्रालयले सरसफाइ गरेको छ ।

मन्त्रालय परिसरमा भएको सो सरसफाइ कार्यक्रमले गणतन्त्र दिवसलाई जनस्तरसम्म पुऱ्याउने रचनात्मक पहलको संकेत दिएको छ ।

गणतन्त्र दिवसको सन्देशलाई जनस्तरमा सशक्त रुपमा पुर्याउन गरिएको सरसफाइ कार्यक्रममा गृहमन्त्री लेखीको नेतृत्वमा सरसफाइ गरिएको छ । सो कार्यक्रममा मन्त्रालयका कर्मचारीहरू, नीति आयोगकी सदस्य डा. शिला मिश्रा, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र



खड्गा साथै प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरीको सक्रिय सहभागिता देखिएको थियो ।

गृह मन्त्रालयले जेठ १५ गते गणतन्त्र दिवसको अवसर पारेर मधेश प्रदेशभरिका प्रेस स्वतन्त्रता सेनानीहरूको औपचारिक रुपमा अभिनन्दन गर्ने कार्यक्रम समेत आयोजना गरेको छ । पत्रकारितामार्फत निरंकुश शासनविरुद्ध आवाज उठाउने तथा लोकतन्त्रको जग मजबुत बनाउन योगदान दिने सञ्चारकर्मीहरूको सम्मानमा समर्पित कार्यक्रम ऐतिहासिक रुपमा महत्वपूर्ण हुने बताइएको छ ।

मधेश प्रदेश सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री राजकुमार लेखीले सञ्चारकर्मीहरूको योगदानको उच्च मूल्यांकन गर्दै राज्यले उनीहरूको योगदानलाई औपचारिक रुपमा सम्मान गर्नु आवश्यक रहेको धारणा व्यक्त गरे ।

सो सरसफाइ कार्यक्रममा सहभागीहरूले गणतन्त्र दिवसले सबै नागरिकमा समानता, स्वतन्त्रता र उत्तरदायित्वको भावना जागृत गराउने विश्वास व्यक्त गरे ।

गृहमन्त्री लेखीले गणतन्त्रको मूल्य, पत्रकारिताको भूमिकासँग जोडेर जनतामाझ सशक्त सन्देश प्रवाह गर्ने योजना अनुसार मन्त्रालयले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको बताए ।

# विद्यालयमा मारवाडी युवा मञ्चको सहयोग

**टुडे समाचारदाता**




जनकपुरधाम । मारवाडी युवा मञ्च जनकपुरले गरिब, निम्न वर्ग तथा विपन्न विद्यार्थी अध्ययनरत धनुषाको एक विद्यालयमा बुधबार शैक्षिक र खेलकुद सामग्री वितरण गरेको छ ।

धनुषाको मुखियापट्टी मुसहर्निय गाउँपलिकको खतवैयास्थित एकल विद्यालयमा अध्यनरत २५ जना विद्यार्थीलाई कापी किताब राखने ब्याग, कापी, पेन्सिल लगायतका सामाग्री वितरण गरिएको छ ।

मारवाडी मञ्चका अध्यक्ष राहुल सिंघानियाका अनुसार विद्यार्थीलाई खेलकुद सामग्रीमा फुटबल, क्यारम बोर्ड, लुडो र ब्याडमिन्टनसमेत वितरण गरिएको छ।

विद्यालयकी शिक्षिका विमला साहले विद्यार्थीलाई अध्ययनका लागि मारवाडी युवा मञ्चले व्हाइट बोर्ड, डस्टर र मार्कर समेत हस्तान्तरण गरेको बताइन् ।

मञ्चका अध्यक्ष सिघनियाले विद्यालयमा विद्यार्थीको लागि डेस्क बेन्च नहुँदा भुइँमा बसेर पढ्नुपर्ने वाध्यता रहेकाले बस्नका लागि त्रिपाल र वर्षाको सिजन भएकाले हरेक विद्यार्थीलाई छातासमेत वितरण गरिएको जानकारी दिए ।

मञ्चका अध्यक्ष सिंघानियाले समाजसेवाको क्षेत्रमा मारवाडी युवा मञ्चले निरन्तर सहयोग जारी राख्ने बताए । उनले विद्यालयमा पढाइसंग असल संस्कार पनि सिकाउनु पर्ने बताए ।

# कमिसनको विषयमा बोल्दा कर्मचारीलाई धाकधम्की



**बखतियार अलि**

मलंगवा । पूर्वाधार विकास कार्यालय सर्लाहीको कमिसनका विषय सार्वजनिक गरेको भन्दै कार्यालयमा कार्यरत कर्मचारीको जागिरबाट निष्काशन गरिदिने धाक-धम्की दिएका छन् ।

पूर्वाधार विकास कार्यालय सर्लाहीका कार्यालय प्रमुख विजय यादवले योजनाहरू विक्रीवितरण गरेर कमिसन उठाउँदै गरेको विभिन्न संचारमाध्यममा सार्वजनिक भएपछि कार्यालय प्रमुख यादव आफ्नो पावर पहुँच देखाउँदै कर्मचारीहरू जाई लागेका छन् ।

सेटिंगको आधारमा योजनाहरू विक्री वितरण भएको र कार्यालय प्रमुख यादवले कमिसन उठाउने काम गरिरहेको खबर कार्यालयकै कर्मचारीले पत्रकारलाई जानकारी दिएको भन्दै उनले आक्रोश पोखे ।

# पाँच महिने बालकसहित तीनजनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । बाराको पचरौता नगरपालिका- १ स्थित पिपरपातीकापाँचमहिनेबालकसहित एकै परिवारका तीनजनाको मोटरसाइकल दुर्घटनामा परि मृत्यु भएको छ। मृत्यु हुनेमा पाँच महिने बालक, उनकी २० वर्षीया आमा र ५० वर्षीया हजुरआमा छन् ।

भारतको रक्सौलबाट फर्किने क्रममा छौडादानोको बखरी गाउँनजिक मंगलबार राति मोटरसाइकल दुर्घटना भएको थियो ।

दुर्घटनामा परि मोटरसाइकल चालक २५ वर्षीय धर्मराज साह गम्भीर घाइते भएका छन् । छोरा दिब्यांशको उपचार गराउन पत्नी रेश्मी देवी र आमा राजकुमारी देवीलाई लिएर धर्मराज रक्सौल गएका थिए ।

उपचार गराएर फर्किने क्रममा भारतको छौडादानो क्षेत्रमा दुर्घटना भएको बारा प्रहरीले जनाएको छ । सडक निर्माणका लागि खनिएको खाल्डोमा मोटरसाइकल दुर्घटना भएको बताइएको छ । दुर्घटनामा परि मोटरसाइकलमा सवार तीनै जनाको घटनास्थलमै मृत्यु भएको थियो । मृतक तीनै जनाको पचरौता ल्याएर अन्तिम संस्कार गरिएको छ ।

यता घाइते धर्मराजको भारतको मोतिहारी अस्पतालमा उपचार भइरहेको छ । उनको शरीरमा गम्भीर चोट लागेको छ । साहको आर्थिक अवस्था कमजोर छ । उपचारका लागि समस्या भएपछि आर्थिक जुटाउन अभियान समेत थालिएको जनाइएको छ ।

यसैबीच पचरौता नगरपालिकाका मेयर जलानधर सिंहले घाइते साहको उपचारका लागि एक लाख दिने घोषणा गरेका छन् ।

आवश्यकता




जनकपुरधाममा संचालित अति सुविधा सम्पन्न होटल अंजनी सुइट प्रा.लि.का लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक परेको इच्छुक तथा योग्य उम्मेदवारहरुले ७ (सात) दिन भित्र आफ्नो बायोडाटा सहित सम्पर्क गर्नु हुन अनुरोध छ ।

| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |

नोट : अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब सुविधा : आकर्षक




सम्पर्क नं. : ९८५४०२६०२५, ९८०११२७४९१
email: anjanisuite@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८